**मजदुर विज्ञापन शाखा**
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

**विज्ञापनको लागि सूचना**

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।
भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक

भ.पुजि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

**भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.**
च्याम्हासिंह, भक्तपुर-९, फोन नं.०१-६६१४६८६

**ज्येष्ठ सदस्य वनभोजसम्बन्धी सूचना**

**वनभोज कार्यक्रम**
**मिति** : २०८२ चैत १४ गते, शनिबार
**स्थान** : ठूली ब्रम्हायणी, सुडाल
**भेला हुने स्थान** : सहकारी भवन (बिहान ७:०० बजे)
**सहभागी शुल्क** : ५००।- प्रतिव्यक्ति
**सहभागी उमेर** : ६५ वर्ष माथिका
**अन्तिम दर्ता मिति** : २०८२ चैत १२ गतेसम्म
*आयोजक : ज्येष्ठ तथा बाल सदस्य उपसमिति*

★ वर्ष : २८ ★ अङ्क : ६० ★ ने. सं. ११४६ चौला थ्व, षष्ठी ★ मङ्गलबार ★ १० चैत, २०८२ ★ March 24, 2026, Tuesday ★ मूल्य रु.५।- ★ पृष्ठ ८

## प्रजग कोरियाली राज्य मामिला परिषद्को अध्यक्षमा किम जोङ उन पुनः निर्वाचित



पेइचिङ, ९ चैत (सीआरआई) । प्रजातान्त्रिक जन गणतन्त्र कोरियाको केन्द्रीय समाचार संस्था (कोरियन सेन्ट्रल न्युज एजेन्सी) को एक रिपोर्टअनुसार प्रजग कोरियाको १५ औं सर्वोच्च जनसभाको पहिलो राज्य मामिलाको पहिलो बैठक मार्च २२ का दिन प्योङयाङमा सम्पन्न भएको छ । वर्कर्स पार्टी अफ कोरियाका महासचिव किम जोङ उन पुनः प्रजग कोरियाको राज्य मामिला परिषद्को अध्यक्षमा निर्वाचित हुनुभएको छ ।

सो बैठकमा नयाँ राज्य मामिला समिति चयन गरिएको छ । समितिमा झाओ योङ्युआन पहिलो उपाध्यक्ष र पार्क ताई उपाध्यक्षको रूपमा चयन हुनुभएको छ । सर्वोच्च जनसभाको सो बैठकमा ६८७ नवनिर्वाचित सदस्यहरू छन् । बैठकले पार्क ताए-सुडलाई प्रधानमन्त्रीमा निर्वाचित गरेको छ ।

## बिस्का जात्रा रुटका तारहरू व्यवस्थापनबारे छलफल



भक्तपुर, ९ चैत । भक्तपुरको ऐतिहासिक एवम् प्रसिद्ध बिस्का जात्रा व्यवस्थित, मर्यादित र शान्तिपूर्ण रूपमा सम्पन्न गर्न नेपाल विद्युत् प्राधिकरण, नेपाल टेलिकम, केबुल नेटवर्क, इन्टरनेट सेवा प्रदायकबिच सोमबार छलफल कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर ऐतिहासिक, सांस्कृतिक र पुरातात्विक महत्त्वको मौलिक नगर भएको बताउँदै भक्तपुरलाई सफा र सुन्दर नगरको रूपमा विकास गर्न नगरको मुख्य बजार क्षेत्रका पसलहरूमा छतहरूमा एकरूपता आउने गरी छत राख्ने कार्य भइरहेको बताउनुभयो ।

नगरका ठाउँ ठाउँमा छरपस्ट रहेका केबल नेटवर्कका तारहरू व्यवस्थित गर्नुपर्ने बताउँदै उहाँले तार व्यवस्थापनको लागि सम्बन्धित सबै सरोकारवालाहरूको संयुक्त प्रयास आवश्यक भएको बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले नगर क्षेत्रभित्र तारहरू अस्तव्यस्त भएको जनगुनासो रहेको बताउँदै अनावश्यक रूपमा राखिएका केबल नेटवर्कहरूलाई यथाशक्य हटाउन आवश्यक भएको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले सहर सुन्दर बनाउन र अव्यवस्थित तारबाट हुनसक्ने सम्भावित दुर्घटना न्युनीकरणको लागि तारहरू व्यवस्थित गरिनुपर्ने बताउनुभयो ।

बैठकले नजिकिँदै गरेको बिस्का जात्रालगायतका जात्राहरूमा विद्युत् प्राधिकरण, नेपाल टेलिकम, केबुल नेटवर्क, इन्टरनेट सेवा प्रदायकहरूका तारहरूमा क्षति पुग्ने विषयलाई न्यूनीकरण गर्न अनावश्यक तारहरू हटाउने र व्यवस्थित गर्ने कार्यको लागि भक्तपुर नपा श्यानिटेसन शाखा प्रमुख दिलिप सुवालको संयोजकत्वमा सात सदस्यीय समिति गठन गरी कार्य अघि बढाउने निर्णय गऱ्यो ।

कार्यक्रममा नेपाल विद्युत् प्राधिकरण, नेपाल टेलिकम, केबुल नेटवर्क, इन्टरनेट सेवा प्रदायकका प्रतिनिधिलगायतले आ-आफ्नो धारणा राख्नुभएको थियो ।

## इरानमाथिको आक्रमण अन्तर्राष्ट्रिय कानुनविपरीत

बाँके, ९ चैत । प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ बारे शनिबार कोहलपुरमा नेपाल मजदुर किसान पार्टी बाँके जिल्ला समितिको समीक्षा बैठक सम्पन्न भयो ।

बैठकमा नेमकिपा लुम्बिनी प्रदेश समितिका संयोजक हरिसुन्दर बासीले संसारका न्यायप्रेमी जनतालाई आतङ्कित पार्ने संरा अमेरिकी साम्राज्यवाद निम्न लागेको बत्तीजस्तै चम्केको बताउनुभयो ।

सार्वभौम देश इरानमाथि अन्तर्राष्ट्रिय कानुनविपरीत आक्रमण गरिरहेको संरा अमेरिकी साम्राज्यवादले क्युबामा पनि चरम इन्धन अभाव गराएर धम्की दिइरहेको उल्लेख गर्दै उहाँले संरा अमेरिका आर्थिक रूपमा पतन भइसकेको र उसको जङ्गलीराज धेरै दिन टिक्दैन भन्नुभयो ।

उहाँले संरा अमेरिकी सैनिक बेसक्याम्पका कारण मध्यपूर्वका जनता असुरक्षित भएको घटनाबाट नेपाली जनता सतर्क बनेको उल्लेख गर्दै संरा अमेरिकासँग एसपीपी सम्झौता गरेर शासकहरूले नेपाललाई युद्धको भुमरीमा जाक्ने हो कि भन्नेमा नेपाली जनता त्रसित छन् भन्नुभयो ।

निर्वाचनको परिणामले नेपाली कामदार जनता र राष्ट्रिय पुँजीपतिवर्ग



वर्गीय रूपमा सचेत भइनसकेको देखाएको उल्लेख गर्दै उहाँले वर्गीय चेतनाबाट सुशिक्षित कामदार जनताले जनताको प्रजातन्त्र स्थापना गर्नेछ भन्नुभयो ।

नेमकिपा लुम्बिनी प्रदेश समिति सदस्य नवीनकुमार शाहीले निर्वाचन पनि एक वर्गसङ्घर्ष भएको चर्चा गर्दै निर्वाचनलाई राजनीतिक कक्षाको रूपमा सञ्चालन गर्न शासक दलहरू चुकेको बताउनुभयो ।

नेमकिपा लुम्बिनी प्रदेश समिति सदस्य नारायणी चौधरीले राजनीतिक रूपमा सचेत नभएका जनता लहैलहैमा लाग्ने गरेको बताउनुभयो ।

नेमकिपा बाँकेका अध्यक्ष शेरबहादुर बिकले मतदाताहरूलाई धन्यवाद ज्ञापन गर्दै निर्वाचनबाट कार्यकर्ताहरूले सिक्न अवसर पाउने र कार्यकर्ताहरूको पनि पहिचान हुने बताउनुभयो ।

बैठकमा गौरीकान्त आचार्य, धनबहादुर सिजापति, हीराबहादुर शाही, जयबहादुर बुढा, प्रकाश शाह, कोकिला शाही, ध्रुवराज आचार्य, सुर्जा थापा, जमरकन्या रोकाया, शेरबहादुर शाही, रूपेश श्रेष्ठ, वीरबहादुर चौधरी, खड्गराज थापा र विश्वराज देवकोटाले निर्वाचन कार्यक्रमबारे आ-आफ्नो अनुभव सुनाउनुभयो ।

त्यस्तै, आइतबार वैदीमा नेपाल मजदुर किसान पार्टी बर्दिया जिल्ला समितिको निर्वाचन समीक्षा बैठक सम्पन्न भयो ।

बैठकमा नेमकिपा लुम्बिनी प्रदेश समिति संयोजक हरिसुन्दर बासीले अन्तर्राष्ट्रिय राजनीतिक परिस्थितिले राष्ट्रिय राजनीतिलाई प्रभाव पार्ने चर्चा गर्दै देशको सार्वभौमसत्ता र जनताको हितको लागि सङ्घर्षलाई थप उचाइमा लानुपर्छ भन्नुभयो ।

साम्राज्यवादी संरा अमेरिकाले इरानका केही नेताहरूलाई मारेर इरानको पेट्रोललगायत सारा खनिज पदार्थ कब्जा गर्न खोजेको तर साम्राज्यवादविरोधी इरानी जनताको प्रतिरोधको कारण संरा अमेरिका भियतनाममा जस्तै उम्कन नसक्ने गरी फस्दै गएको उल्लेख गर्दै उहाँले आजका साम्राज्यवादीहरू हतियार (बुलेट) बाट मात्र होइन, जनमतको आधारमा (ब्यालेटबाट) पनि आइरहेको हुँदा नेपाली जनता अझै बढी सचेत हुनु आवश्यक छ भन्नुभयो ।

नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य मन्जु थारुले निर्वाचनमा शासक दलहरूले जनतालाई राजनीतिक रूपमा सूचित पार्नुभन्दा जसरी पनि जित्ने नियतले

***बाँकी पृष्ठ ८ मा***

**वैदेशिक रोजगारमा जानेले घरमा छोड्नुपर्ने कागजात।**

- राहदानी र नागरिकताको प्रतिलिपि,
- वैदेशिक रोजगार विभागबाट लिएको श्रम स्वीकृतिको प्रतिलिपि,
- निरोगिताको प्रमाणपत्रको प्रतिलिपि,
- अभिमुखीकरण तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि,
- म्यानपावर संस्थालाई तिरेको रकमको भरपाई,
- रोजगारदातासँग गरेको करार सम्झौताको प्रतिलिपि,
- बीमा गराएको कागजको प्रतिलिपि,
- कल्याणकारी कोषमा रकम जम्मा गरेको प्रमाणको प्रतिलिपि,
- विदेशमा काम गर्ने कम्पनीको नाम, ठेगाना, सम्पर्क नम्बर र कामको विवरण,

वैदेशिक रोजगारमा रहँदा कठिनाइ उत्पन्न भए यस्ता कागजात महत्वपूर्ण हुन्छन् ।

नेपाल सरकार
विज्ञापन बोर्ड



**सेतो मच्छिन्द्रनाथको रथ निर्माण गरिँदै :** काठमाडौँको दरबारमार्गस्थित तीनधारा पाठशालामा सोमबार वर्षा र सहकालका देवता सेतो मच्छिन्द्रनाथको रथ निर्माण गरिँदै । *तस्बिर: हरिराम भेटुवाल/रासस*

# २७ औँ फ्लोरा एक्स्पो एक करोड २२ लाखको कारोबार

काठमाडौँ, ९ चैत । पुष्प व्यवसाय प्रवर्द्धन गर्ने उद्देश्यसहित आयोजना गरिएको २७औँ फ्लोरा एक्स्पोमा रु. एक करोड २२ लाखको आर्थिक कारोबार भएको छ । फ्लोरिकल्चर एशोसिएशन नेपालले भृकुटीमण्डपमा यही चैत पाँच गतेदेखि सुरु भएको मेलामा आइतबारसम्ममा कूल ६० हजार ७०० जनाले अवलोकन गरेका छन् । रु. एक करोड २२ लाख ६० हजार बराबरको कारोबार भएको आयोजकले जनाएको छ ।

फ्यानका कोषाध्यक्ष राजकृष्ण बजगाईंका अनुसार पहिलो दिन नौ हजार ५०० जनाले अवलोकन गरेका थिए भने रु. २१ लाख ५० हजार बराबरको कारोबार भएको थियो । दोस्रो दिन १७ हजार ५०० दर्शकको सहभागिता रु. २९ लाख ५० हजार कारोबार भएको थियो ।

तेस्रो दिन २१ हजार ५०० दर्शकले मेला अवलोकन गरेका थिए भने रु. ३९ लाख ८० हजार बराबरको कारोबार भएको थियो । अन्तिम दिन आइतबार १२ हजार २०० जना दर्शकले मेला अवलोकन गर्दा रु. ३१ लाख ८० हजार कारोबार भएको थियो ।

'स्वच्छ वातावरण, रोजगारी तथा आर्थिक समृद्धिका लागि पुष्प व्यवसाय' भन्ने मूल नारासहित चैत ५ गतेदेखि सुरु भएको मेला आइतबार सकिएको हो । मेलामा व्यावसायिक ६५, अफिसियल ११, प्रतिस्पर्धात्मक दुई, फुड दुई, ल्याण्डस्केप एक, सेल्फी एक तथा बीवाइडी ईभी कारसहित गरी कूल ८३ वटा स्टल रहेका थिए । प्रदर्शनीमा सहभागी व्यवसायीले उत्पादन गरेका फूल तथा बिरुवाहरू विभिन्न विधामा प्रतिस्पर्धामा समावेश गरिएको बजगाईंले जानकारी दिनुभयो ।

हाल देशभर ५२ जिल्लामा २७० हेक्टर क्षेत्रफलमा फैलिएको पुष्प व्यवसायमा रु. आठ अर्ब ८३ करोडभन्दा बढी लगानी रहेको र करिब ५३ हजार ५०० भन्दा बढीले प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा रोजगारी पाएको तथ्याङ्क छ ।

पछिल्लो समय विदेशी फूलको आयातमा भने उल्लेख्य गिरावट आएको छ । अघिल्लो वर्ष रु. २७ करोड ७९ लाख बराबरको पुष्प तथा पुष्पजन्य वस्तु आयात भएकोमा यस वर्ष ५४.२७ प्रतिशतले घटेर रु. १२ करोड ७० लाखमा सीमित भएको भन्सार विभागको तथ्याङ्कले देखाएको छ । निर्याततर्फ भने १०९.१६ प्रतिशतले वृद्धि भई रु. दुई करोड १३ लाख पुगेको छ । ***(रासस)***

# १६ प्रकारका खनिजजन्य वस्तुको उत्खनन अनुमति

काठमाडौँ, ९ चैत । खानी तथा भूगर्भ विभागले चुनढुङ्गा, रातोमाटो, धातु, पत्थरलगायत विभिन्न १६ प्रकारका खनिजजन्य वस्तुको उत्खननको अनुमति दिएको छ । स्वदेशमा रहेको खनिज सम्पदाको अन्वेषण कार्यबाट विभागले खनिजजन्य उद्योगहरूको विकास गरी देशमा औद्योगिक उत्पादन तथा आर्थिक विकास गर्ने उद्देश्यले उत्खननको इजाजत प्रदान गरेको हो ।

विभागले गत आर्थिक वर्षसम्ममा अनुमति दिएका खनिजजन्य वस्तुहरूमा टुर्मालिन, टल्क, क्वार्ज, काइनाइट, मार्बल, फलाम, जिङ्क, क्वार्जजाइट, म्याग्नेसाइट, डोलोमाइट र तामालगायत खानी छन् । खानी अनुमतिपत्र प्रदान गर्ने नियमअनुसार उत्खनन अनुमति माग भएका कम्पनीमध्ये खानी प्रस्ताव अध्ययन गरी आवश्यकताअनुसार प्रक्रिया पूरा भएका विभागले निजी तथा स्वदेशमा दर्ता भएका विभिन्न अन्तर्राष्ट्रिय कम्पनीका १६६ संस्थालाई अनुमति प्रदान गरेको सूचना अधिकारी नारायण बाँस्कोटाले जानकारी दिनुभयो ।

देशको खनिज सम्पदाको खोजतलास, अन्वेषण, विकास र उत्खननसमेत गर्दै आएको विभागले खानी अनुमति प्रदान गर्दा वातावरणीय प्रभाव मूल्याङ्कनमा प्रभाव नपर्ने, दर्ता तथा उत्पादनको अनुपातमा राजस्व सङ्कलन, स्थानीयको लाभ हुने गरी आवश्यक सर्तहरू तोक्ने गरेको जनाइएको छ ।

विभागले करिब एक सय चुनढुङ्गा खानीले उत्खननको इजाजत प्राप्त गरेको जनाएको छ । भौगोलिक विकटता र यातायातको अभावलगायत कारणले देशमा खनिज सम्पदाको आवश्यक विकास हुन नसकेको सूचना अधिकारी बाँस्कोटाले जानकारी दिनुभयो । नेपालमा खनिज सम्पदाको विकास हुन नसक्नुका मुख्य कारणहरूमा पुँजी र आधुनिक प्रविधिको अभाव, भौगोलिक विकटता एवं नीतिगत समस्या पाइएको छ ।

पूर्वाधारको कमी, खनिज सम्पदाको विस्तृत अन्वेषण हुन र वातावरणीय जोखिम, खनिज उत्खननका लागि आवश्यक महँगो प्रविधि, उपकरण र ठूलो पुँजीको अभाव, र लगानीमैत्री वातावरण नबन्नाका कारण खनिज उत्खनन चुनौतीपूर्ण बनेको छ । धेरैजसो खनिज पदार्थ दुर्गम र भिरालो स्थानमा रहेकाले उत्खनन पनि ढुवानीमा कठिन रहेको जनाइएको छ । ***(रासस)***

# मानव बेचबिखन तथा ओसारपसार मुद्दामा आठ जना पक्राउ

सिरहा, ९ चैत । प्रहरीले मानव बेचबिखन तथा ओसारपसार र जबरजस्ती वेश्यावृत्तिमा संलग्न गराएको आरोपमा होटल सञ्चालकसहित आठ जनालाई पक्राउ गरेको छ । जिल्लाका विभिन्न स्थानमा भएका तीन छुट्टाछुट्टै घटनामा संलग्न उनीहरूलाई प्रहरीले नियन्त्रणमा लिई अनुसन्धान सुरू गरेको हो ।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी रमेशबहादुर पालका अनुसार पहिलो घटना लहान नगरपालिका–८ मा भएको हो । सो स्थानमा बस्ने दिलीप साह र उनकी श्रीमती सुनिताले तीन महिलालाई आर्थिक प्रलोभनमा पारी वेश्यावृत्तिमा संलग्न गराएको आरोपमा पक्राउ गरिएको छ । उनीहरूलाई जिल्ला अदालतबाट पाँच दिनको म्याद थप गरी अनुसन्धान भइरहेको छ ।

दोस्रो घटना लहान–३ अस्पताल चोकमा रहेको 'अनलाइ होटल एन्ड लज'मा भएको हो । होटल सञ्चालिका ४० वर्षीया अर्चनाकुमारी चौधरीले चार महिलालाई सप्तरीको सुरूङ्गा–९ टिकुलियाका २१ वर्षीय अशोककुमार चौधरी, २० वर्षीय नितिककुमार चौधरी र १९ वर्षीय आकाश चौधरीसँग मिलेर वेश्यावृत्ति गराएको आरोप पक्राउ गरिएको प्रहरीले जनाएको छ । यस घटनामा संलग्न चारै जनालाई सात दिनको म्याद थप गरी अनुसन्धान अघि बढाइएको छ ।

त्यसैगरी, तेस्रो घटना धनगढीमाई नगरपालिका–११ स्थित खुश्बु होटल एन्ड लजका सञ्चालक ३४ वर्षीय गुज्जेश्वर साहले दुई महिलालाई सप्तरीको बलानबिहुल–६ का ३८ वर्षीय शिवकुमार यादवसँग मिलेर जबरजस्ती वेश्यावृत्ति गराएको प्रहरीको आरोप छ । उनीहरूलाई पनि सात दिनको म्याद थप गरी मानव बेचबिखन तथा ओसारपसार मुद्दामा अनुसन्धान भइरहेको छ ।

प्रहरीले सबै घटनाका पीडित महिलाको पहिचान गोप्य राख्दै उनीहरूलाई 'साङ्केतिक नाम' दिएर कानुनी प्रक्रिया अगाडि बढाएको छ । जिल्लामा पछिल्लो समय होटल तथा निजी घर प्रयोग गरी यस्ता अवैध गतिविधि सञ्चालन गरिएको सूचनाका आधारमा प्रहरीले निगरानी बढाएको छ ।

# 'राइड सेयरिङ' का एक सय पचहत्तर जना चालकलाई कारबाही

काठमाडौँ, ९ चैत । काठमाडौँ उपत्यकामा बढ्दो ट्राफिक चाप, अव्यवस्थित सवारी सञ्चालन तथा नियम उल्लङ्घनलाई नियन्त्रण गर्ने उद्देश्यले ट्राफिक प्रहरीले सञ्चालन गरेको विशेष 'चेकिङ' अभियानअन्तर्गत 'राइड सेयरिङ' सेवामा संलग्न १७५ जना चालक कारबाहीमा परेका छन् ।

उपत्यकाका विभिन्न व्यस्त क्षेत्रमा गरिएको अनुगमनका क्रममा ती चालकले प्रचलित कानुनविपरीत सवारी सञ्चालन गरेको पाइएपछि कारबाही गरिएको उपत्यका ट्राफिक प्रहरीले कार्यालयले जनाएको छ ।

पछिल्लो समय उपत्यकामा राइड सेयरिङ सेवाको प्रयोग तीव्र रूपमा बढ्दै गएको र यससँगै अनधिकृत रूपमा सेवा सञ्चालन गर्ने, मापदण्ड पूरा नगरी यात्रु ओसारपसार गर्ने तथा ट्राफिक नियमको बेवास्ता गर्ने प्रवृत्ति पनि बढेको देखिएकाले उक्त अवस्थालाई नियन्त्रण गर्न लक्षित गर्दै विशेष चेकिङ अभियान सञ्चालन गरिएको उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीले बताउनुभयो ।

उहाँले भन्नुभयो, "हामीले उपत्यकाका विभिन्न स्थानमा विशेष चेकिङ अभियान सञ्चालन गरेका छौँ । उक्त अभियानमा राइड सेयरिङका १७५ जना चालक कारबाहीमा परेका हुन् ।" उहाँका अनुसार कारबाहीमा परेका अधिकांश चालकले 'अनलाइन प्लेटफर्म'को अनुमतिबिना अफलाइन रूपमा सेवा सञ्चालन गरिरहेका थिए ।

यसैगरी, जथाभावी स्थानमा यात्रु चढाउने र झार्ने (पिक एन्ड ड्रप) कार्य, सवारीसाधनको प्राविधिक अवस्था कमजोर हुनु, आवश्यक कागजात नहुनु तथा ट्राफिक नियमको उल्लङ्घन गर्ने गतिविधि पनि भेटिएको प्रवक्ता सुवेदीले जानकारी दिनुभयो ।

ट्राफिक प्रहरीका अनुसार राइड सेयरिङ सेवा सञ्चालनका लागि सम्बन्धित निकायबाट अनुमति लिनु, सवारीसाधनको नियमित मर्मतसम्भार गर्नु, चालकले आवश्यक कागजात बोकेको हुनु तथा तोकिएका नियमको पालना गर्नु अनिवार्य हुने उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक नवराज अधिकारीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "धेरै चालकहरूले यी आधारभूत मापदण्डको बेवास्ता गर्ने गरेको पाइएपछि कारबाही प्रक्रिया अघि बढाइएको हो ।"

विशेषगरी व्यस्त चोक, अस्पताल क्षेत्र, विद्यालय आसपास तथा मुख्य सडकमा जथाभावी रोकिएर यात्रु ओसारपसार गर्दा यातायात अवरोध हुनाका साथै दुर्घटनाको जोखिम पनि बढ्ने भएकाले यसप्रति कडाइ गरिएको ट्राफिक प्रहरी प्रमुख अधिकारीको भनाइ छ ।

आगामी दिनमा पनि यस्ता अनुगमन अभियानलाई अझ प्रभावकारी बनाइने र नियम उल्लङ्घन गर्ने जो कोहीलाई पनि कारबाही गरिने प्रमुख अधिकारीले स्पष्ट पार्नुभयो । उहाँले सर्वसाधारणलाई पनि सुरक्षित र कानुनी रूपमा सञ्चालन भएका सेवाहरू मात्र प्रयोग गर्न आग्रह गर्नुभएको छ ।

ट्राफिक प्रहरीले यस अभियानलाई निरन्तरता दिँदै सवारी व्यवस्थापनलाई थप व्यवस्थित, सुरक्षित र प्रविधिमैत्री बनाउने लक्ष्य लिएको जनाएको छ । साथै, राइड सेयरिङ कम्पनीलाई पनि आफ्ना चालकको अनुगमन कडाइ गर्न तथा नियम पालना सुनिश्चित गर्न आग्रह गरिएको छ । यस अभियानले उपत्यकाको ट्राफिक अनुशासन कायम गर्न र यात्रु सुरक्षालाई मजबुत बनाउन महत्त्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ ।

# बैङ्कहरू पुँजीकोषमा दबाबमै, एक बैङ्कले लाभांश दिनै नपाउने

काठमाडौँ, ९ चैत । राष्ट्र बैङ्कले हालै सार्वजनिक गरेको बैङ्कहरूको पुससम्मको महत्त्वपूर्ण वित्तीय सूचकले आठ वटा बैङ्कहरूमा पुँजीकोष दबाब देखिएको छ । राष्ट्र बैङ्कले केही ढिलो गरी आइतबार (चैत ९ गते) यस्तो विवरण सार्वजनिक गरेको हो । त्यसैले पछिल्लो समय बैङ्कहरूको यस्तो अनुपातमा थप सुधार भएको हुनसक्छ ।

राष्ट्र बैङ्कको नियमअनुसार वाणिज्य बैङ्कहरूको न्यूनतम पुँजीकोष अनुपात ८.५ प्रतिशत हुनुपर्छ ।

हिमालयन बैङ्क, एनआईसी एसिया, माछापुच्छ्रे, प्रभु बैङ्क, सिटिजन्स बैङ्क, एनएमबी बैङ्क, कुमारी बैङ्क र राष्ट्रिय वाणिज्य बैङ्कमा दबाब देखिएको हो ।

सबैभन्दा धेरै दबाब हिमालयन, प्रभु बैङ्क र सिटिजन्स बैङ्कलाई देखिएको छ । हिमालयनको यस्तो ८.१९ प्रतिशत, प्रभुको ८.६८ प्रतिशत र सिटिजन्सको ८.६९ प्रतिशत छ । कुमारीको यस्तो अनुपात ८.९३ प्रतिशत, एनआइसी एसियाको ८.७४ प्रतिशत, राष्ट्रिय वाणिज्य बैङ्कको ८.९५ प्रतिशत छ ।

एनएमबी बैङ्कको ८.७९ प्रतिशत र माछापुच्छ्रेको ८.८२ प्रतिशत छ ।

अघिल्लो वर्ष कुमारीको यस्तो अनुपात ७.२३ प्रतिशतसम्म ओर्लिएको थियो । त्यसैले यस्तो अनुपातमा तुलनात्मक रूपमा सुधार देखिएको छ ।

पुँजीकोष दबाबमा रहेका बैङ्कहरूले खराब कर्जामा सुधार नगर्दा वा पुँजी नबढाउँदासम्म थप कर्जा लगानी गर्न कठिन हुन्छ । राष्ट्र बैङ्कले गत वर्ष नै पुँजी कोषमा गणना हुने अविमोच्य अग्राधिकार सेयर जारी गर्न सक्ने व्यवस्था पनि गरिदिएको थियो ।

नबिल बैङ्क, एनएमबी बैङ्क, एनआईसी एसिया बैङ्कलगायतका केही बैङ्कले अविमोच्य अग्राधिकार सेयर जारी गरिसकेका छन् भने केही प्रक्रियामा छन् । राष्ट्र बैङ्कको नियमअनुसार कुनै पनि त्रैमासमा यस्तो अनुपात ८.५ प्रतिशतभन्दा कम हुनेले सो वर्षको नाफा पछि लाभांश दिन नपाउने व्यवस्था छ ।

यस आधारमा हिमालयन बैङ्कले चालु आर्थिक वर्षको नाफापछि लगानीकर्तालाई लाभांश दिन नपाउने भएको छ । असोजमा ८.६८ प्रतिशत यस्तो अनुपात रहेको हिमालयन बैङ्कको पुसमा यो अनुपात थप घटेर ८.१९ प्रतिशतमा सीमित भएको हो ।

टारेर टर्दैन यो जीवनमा, जिद्धीले र क्रोधले पनि
चल्दैन, दबाई मायाप्रीति र ईश्वरले नै बिन्ती चढाए
पनि केही लाग्दैन

**हार्दिक समवेदना**



**जन्म**
२०३७/०३/०८

**निधन**
२०८२/१२/०१

हाम्रा हितैषी मित्र, मिलनसार मृदुभाषी, लगनशील, सुशील एवं यस जगाती कल्याण समूहका सदस्य **पुण्यराम कवां**को असामयिक निधन भएकोले हामी शोकमा छौँ । आज १० औँ दिनको पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**जगाती कल्याण समूह एवं साथीहरू**

केदार त्वानाबासु
कृष्णभक्त कुस्मा
विश्वराम अवाल
बिकुदेवी सुकुपायो
रामकृष्ण जाकिबन्जार
दिलबहादुर तुइतुई

रामगोपाल कवां
दिलमाया लवजु
रमेशबहादुर श्रेष्ठ
लक्ष्मीनारायण कवां
हरि साँयजु
बुद्धलक्ष्मी लाखेमरु
राजु मानन्धर

रामलक्ष्मी कवां
गणेश गोसाई
जीवन कवां
सत्यमाया लवजु
श्यामकृष्ण लाखाजु
शंखमाया त्यात

## सङ्क्षिप्त समाचार

# कालीकोटमा पहिलो पोषणमैत्री स्वास्थ्य संस्था घोषणा

मान्म (कालीकोट), ९ चैत । नरहरिनाथ गाउँपालिका-१ स्थित स्वास्थ्य चौकी कोटबाडालाई पोषणमैत्री स्वास्थ्य संस्था घोषणा गरिएको छ ।

'पोषण मैत्री स्वास्थ्य संस्था कार्यान्वयन निर्देशिका, २०७९' बमोजिम आवश्यक सबै सूचक तथा प्रक्रिया पूरा गरेको उल्लेख गर्दै पोषणमैत्री स्वास्थ्य संस्थाका रूपमा घोषणा गरिएको सूचना अधिकारी कालीकोटका कटक महतले जानकारी दिनुभयो । पोषणमैत्री वडा घोषणाका मुख्य सूचकहरू सुनौला हजार दिनका गर्भवती तथा सुत्केरीले स्वास्थ्य संस्थामा नियमित जाँच र पोषण परामर्श पाएको हुनुपर्नेलगायतका मापदण्ड रहेको स्वास्थ्य सेवा कार्यालयका स्वास्थ्य सेवा व्यवस्थापक डा रत्नवीर सुनारले बताउनुभयो ।

बालबालिकाको पोषणका लागि छ महिनासम्म पूर्ण स्तनपान र छ महिनापछि थप पोषिलो खाना खुवाइएको, बालबालिकाको पोषण अवस्था सामान्य भएको हुनुपर्ने, स्वच्छ वातावरणमा वडामा खुल्ला दिसामुक्त अवस्था र सफा खानेपानीको सुनिश्चितता हुनुपर्ने मापदण्ड छन् । उहाँले भन्नुभयो, "स्थानीय उत्पादनको उपभोग बढाउने र कुपोषण न्यूनीकरणमा बहुक्षेत्रीय पहल भएमा पोषणमैत्री वडा घोषणा गर्न सकिने मापदण्ड छ ।" *(रासस)*

# डोल्पामा जडीबुटीसहित चार जना पक्राउ

डोल्पा, ९ चैत । त्रिपुरासुन्दरी नगरपालिकामा अवैध रूपमा सङ्कलन गरिएको ठूलो परिमाणको जडीबुटीसहित चार जना पक्राउ परेका छन् । उनीहरूलाई नियन्त्रणमा लिएर शे फोक्सुण्डो राष्ट्रिय निकुञ्ज प्रशासनमा बुझाइएको जनाइएको छ । नेपाली सेनाको संयुक्त गस्ती टोलीले सोमबार बिहान ३:३० बजे त्रिपुरासुन्दरी नगरपालिका-१, त्रिपुराकोट क्षेत्रमा छापा मार्ने क्रममा करिब ३५ क्विन्टल पदमचाल जडीबुटी र दुई ट्याक्टर नियन्त्रणमा लिएको हो । श्री सङ्ग्राम सार्दुल गुल्मका उपसेनानी सुशील दाहालको कमान्डमा नेपाली सेना र निकुञ्ज प्रशासन कार्यालयका सिनियर गेम स्काउटको संयुक्त टोलीले उक्त कारबाही गरेको जनाइएको छ ।

पक्राउ पर्नेमा त्रिपुरासुन्दरी-५ का ३६ वर्षीय नरेश बुढा, सल्यान कुमाख गाउँपालिका-४ का २५ वर्षीय एलिश बुढा (चालक), रुकुमपश्चिम आठबिस नगरपालिका-७ का ४८ वर्षीय कृष्ण विक (चालक) तथा त्रिपुरसुन्दरी-५ का ३३ वर्षीय विकास रोकाया छन् । उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि दोहोरो भरपाइसहित निकुञ्ज प्रशासन कार्यालयमा बुझाइएको श्री सङ्ग्राम शार्दूल गुल्मका सेनानी हरिश शाहीले बताउनुभयो ।

शे फोक्सुण्डो राष्ट्रिय निकुञ्ज कार्यालयका सहायक संरक्षण अधिकृत विज्ञान सेनका अनुसार निकुञ्ज क्षेत्रबाट अनुमति नलिई जडीबुटी सङ्कलन गरेको र जिल्ला बाहिर पठाउन लागेको अवस्थामा बरामद गरिएको हो । पछिल्लो समय डोल्पामा जठामसी (भुल्ते) सङ्कलनमा प्रतिबन्ध लगाइएको र पदमचालको हकमा समेत कार्ययोजना अध्ययनपछि मात्र उपयुक्त क्षेत्र पहिचान गरी अनुमति दिइने व्यवस्था रहेको उहाँले जानकारी दिनुभयो । *(रासस)*

# वैदेशिक रोजगारका पठाउने नाउँमा ठगी गर्नेहरू पक्राउ

काठमाडौं, ९ चैत ।यसैबिच काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले वैदेशिक रोजगारीको बहानामा लाखौं रुपैयाँ ठगी गर्ने पाँच जनालाई पक्राउ गरी आज सार्वजनिक गरेको छ ।

पक्राउ पर्नेमा बर्दिया बाँसगढी नगरपालिका-८ का ३६ वर्षीय अर्जुनबहादुर पौडेल, सर्लाही बरहथवा नगरपालिका-२ का ४६ वर्षीय डिल्लीराम भुजेल, काठमाडौँ महानगरपालिका-१६ की ४३ वर्षीया उमा गुरुङ, कास्की पोखरा महानगरपालिका-३३ का ३३ वर्षीय आशिष महत र रामेछाप लिखु तामाकोशी गाउँपालिका-३ की ३५ वर्षीया सङ्गीता श्रेष्ठ रहेका छन् ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक मनोहरप्रसाद भट्टका अनुसार पौडेलले क्रोएसिया पठाउने भन्दै रु. तीन लाख ३० हजार, भुजेलले माल्दिभ्स पठाउने भन्दै रु. दुई लाख ९९ हजार गुरुङ र महतले बेलायत पठाउने भन्दै जनही रु. दुई लाख तथा श्रेष्ठले पोर्चुगल पठाउने भन्दै रु. तीन लाख ६८ हजार ठगी गरेका थिए । उनीहरूलाई काठमाडौँका विभिन्न स्थानबाट पक्राउ गरी थप अनुसन्धानका लागि आज वैदेशिक रोजगार विभाग, ताहाचल पठाइएको प्रहरी उपरीक्षक भट्टले बताउनुभयो । *(रासस)*

# रारा विमानस्थलमा उडानको नयाँ कार्यतालिका सार्वजनिक

मुगु, ९ चैत । यहाँस्थित रारा विमानस्थलमा नेपाल एयरलाइन्सले आइतबारदेखि नियमित उडान सुरू गरेको छ ।

नेपालगञ्जबाट हप्तामा चार पटक, आइतबार, मङ्गलबार, बिहीबार र शुक्रबार उडान हुने व्यवस्था मिलाइएको हो । साथै, बिहीबारै नै सुर्खेतबाट पनि रारा विमानस्थलमा उडान हुने नेपाल एयरलाइन्सका रारा विमानस्थल स्टेसन इन्चार्ज नवीनकुमार विष्टले जानकारी दिनुभयो ।

नियमित उडान सुरु भएसँगै विशेषगरी बिरामी बोकेर बाहिर लैजानुपर्ने बाध्यता झेलिरहेका स्थानीयलाई ठूलो राहत मिल्ने अपेक्षा गरिएको छ ।



**निर्माणाधीन विश्व शान्ति धाम भवन**
लुम्बिनीमा निर्माणाधीन विश्व शान्ति धाम भवनमा काम गर्दै श्रमिक । *तस्बिर: रविन्द्र प्रताप गुप्ता/रासस*

# राना थारू समुदायमा परम्परागत पहिरन लगाउने चलन लोप हुँदै

कञ्चनपुर, ९ चैत । सुदूरपश्चिमका कैलाली र कञ्चनपुर जिल्लामा बसोबास गर्ने राना थारू समुदायका महिलाले प्रयोग गर्ने परम्परागत गहना र पहिरन लगाउने चलन घट्दै जान थालेको छ । आधुनिक गहना, बजारमा पाइने कपडा र जीवनशैलीमा आएको परिवर्तनका कारण परम्परागत पहिरन र गहनाको प्रयोग घट्दै गएको हो ।

शुक्लाफाँटा नगरपालिका-१२ कालागौँडीकी ६० वर्षीया सोमती रानाका अनुसार पहिले महिलाहरूले घरमै हातले बुनेका घघँरिया, अँगिया, फतुई, उढनिया लगायतका पहिरन लगाउने गर्थे । त्यसबेला महिलाले शिरदेखि पाउसम्म चाँदीका गहनाले सजिने चलन थियो । कपालमा चाँदीको चाँपी, कानमा वीर, नक्बेसर, नाकमा नथुनी, घाँटीमा चाँदीका पैसाले बेरेको कालो धागो, त्यसको तल कठुला, हसुला र सकरगरेला लगाउने चलन रहेको उहाँले बताउनुभयो ।

"पाखुरामा लगौरा, नाडीमा पहुँची, औँलामा कलात्मक औँठी, कम्मरमा सिक्री भएको कैँधनी, पैतलामाथि ढुन्नी, त्यसको तल पैँडा र पायल लगाउने गरिन्थ्यो" उहाँले भन्नुभयो, "घाँटीमा कण्ठ, गरिया र घिच्ची लगाउने प्रचलन पनि रहेको थियो ।"

परम्परागत पहिरन र गहना लगाएकी महिलालाई पहिले समाजमा सम्मानका साथ हेर्ने गरिन्थ्यो । "टाउकामा उढनिया, गलामा हार र कण्ठसिरीमाला, छातीमा फतुई, कम्मरमा घघँरिया र खुट्टामा पैँडा लगाएकी महिलालाई सभ्य, संस्कारयुक्त र प्रतिष्ठित महिलाका रूपमा लिने गरिन्थ्यो," चन्द्रमती रानाले भन्नुभयो ।

"अहिले परम्परागत गहना थोरै महिलासँग मात्र बाँकी छन्" उहाँले भन्नुभयो, "धेरै महिलाले आधुनिक डिजाइनका सुन तथा कृत्रिम गहना प्रयोग गर्न थालेपछि पुराना गहनाको प्रयोग घट्दै गएको छ, परम्परागत गहना बनाउने सीप भएका कारीगर पनि अहिले पाउन मुस्किल भएकाले परम्परागत गहना हराउँदै गएका छन् ।"

फुलमती रानाका अनुसार पहिले पुरुष र महिलाको पहिरन स्पष्ट रूपमा परम्परागत थियो । अहिले पुरुषले पुरानो पहिरन लगाउन छाडिसकेका छन् भने महिलाको पहिरनमा पनि आधुनिकताको प्रभाव देखिन थालेको छ । परम्परागत पहिरन जोगाउने प्रयास भए पनि पहिले जस्तो पूर्ण रूपमा परम्परागत पहिरन लगाउने चलन भने घट्दै गएको उहाँले बताउनुभयो ।

"राना थारू समुदायमा प्रयोग हुने धेरै गहना चाँदीका हुने गर्थे" उहाँले भन्नुभयो, "ती गहना केवल सौन्दर्यका लागि मात्र नभइ सामाजिक प्रतिष्ठा, आर्थिक अवस्था र सांस्कृतिक पहिचानसँग पनि जोडिएका थिए, विवाह, पर्व, पूजा, नाचगान तथा विशेष अवसरमा महिलाले अनिवार्य रूपमा ती गहना र परम्परागत पहिरन लगाउने गर्थे ।"

उहाँका अनुसार पहिले घरमै कपडा र धागो तयार गरी पहिरन बनाउने चलन थियो । महिलाहरू आफैँले पहिरन तयार गर्ने गर्थे । अहिले बजारमा पाइने कपडा प्रयोग गर्न थालिएपछि घरमा कपडा तयार गर्ने परम्परा पनि हराउँदै गएको छ । यससँगै परम्परागत पहिरन पनि बिस्तारै हराउँदै गएको स्थानीय बुढापाकाको भनाइ छ ।

परम्परागत गहना बनाउने कालिगढको सङ्ख्या घट्नु पनि अर्को कारण रहेको बताइएको छ । "पहिले गाउँमै गहना बनाउने सुनचाँदीका कारीगर हुन्थे, अहिले त्यस्ता कालिगढ पाउन गाह्रो भएको छ" रानाथारु अगुवा रामशाह रानाले भन्नुभयो, "नयाँ पुस्ताले परम्परागत गहना बनाउन सिक्न नचाहँदा यो सीप पनि लोप हुने अवस्थामा पुगेको छ ।" उहाँका अनुसार परम्परागत गहना र पहिरन केवल कपडा वा आभूषण मात्र नभइ राना थारू समुदायको इतिहास, संस्कृति, पहिचान र जीवनशैलीसँग जोडिएको सम्पदा हो । त्यसैले यसको संरक्षण आवश्यक रहेको उहाँले बताउनुभयो ।

अहिले केही स्थानमा सांस्कृतिक कार्यक्रम, विवाह र विशेष अवसरमा मात्र परम्परागत पहिरन लगाउने गरिन्छ, भने दैनिक जीवनमा आधुनिक पहिरन प्रयोग हुने गरेको छ । यसले गर्दा नयाँ पुस्ताले पुराना पहिरन र गहनाको नामसमेत नजान्ने अवस्था आउन थालेकोप्रति उहाँले चिन्ता प्रकट गर्नुभयो ।

परम्परागत गहना र पहिरनको संरक्षणका लागि स्थानीय तह, समुदाय र सरोकारवाला निकायले पहल गर्न आवश्यक छ । परम्परागत गहना बनाउने कालिगढलाई प्रोत्साहन, सीप हस्तान्तरण, सांस्कृतिक कार्यक्रम आयोजना तथा सङ्ग्रहालय स्थापना जस्ता कार्य गर्न सके परम्परागत पहिरन र गहना जोगाउन सकिने शुक्लाफाँटा नगरपालिका १२ का वडाध्यक्ष नवलसिंह राना बताउनुहुन्छ ।

"राना थारू समुदायका परम्परागत गहना र पहिरन केवल सौन्दर्यको साधन मात्र नभई सांस्कृतिक पहिचानको महत्त्वपूर्ण प्रतीकका रूपमा रहेका छन्" उहाँले भन्नुभयो, "यसको संरक्षण र पुस्तान्तरण आजको आवश्यकता हो, समयमै संरक्षण गर्न सकिएन भने राना थारू समुदायका परम्परागत गहना र पहिरन इतिहासका पानामा मात्र सीमित हुने खतरा बढ्दै गएको छ ।" *(रासस)*

# बाँकेमा रु. तीन करोडभन्दा बढी जरिवाना असुल

नेपालगन्ज, ९ चैत । प्रहरीले बाँकेमा पछिल्लो ६ महिनामा २७० जना फरार प्रतिवादी पक्राउ गरेर रु. तीन करोड ३५ लाख ३४ हजार ४९८ जरिवाना असुल उपर गरेको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक दीपक पातलीले उनीहरूमाथि १२५ वर्ष एक महिना नौ दिन कैद सजाय तोकिएको जानकारी दिनुभयो ।

चालु आर्थिक वर्ष २०८२/८३ को असोजदेखि फागुन मसान्तसम्मको अवधिमा जिल्लामा कुल एक हजार १३२ वटा मुद्दा दर्ता हुँदा ९३९ जना अभियुक्तलाई पक्राउ गरिएको उहाँले बताउनुभयो ।

प्रहरीले अवैध भन्सार छली नियन्त्रणतर्फ ६ महिनाको अवधिमा प्रहरीले रु. एक करोड ९५ लाख ६० हजार ४९३ बराबरको राजस्व सङ्कलन गरेको छ । सोही क्रममा ४९ जना पक्राउ परेका छन् भने दुईवटा गाडी, २१ मोटरसाइकल र दुईवटा ई-रिक्सा बरामद गरिएको छ ।

ट्राफिक कारबाहीतर्फ जिल्लाभर १५ हजार ६६७ वटा सवारीसाधनलाई कारबाही गर्दै रु. एक करोड २७ लाख १९ हजार ५०० राजस्व सङ्कलन गरिएको छ । त्यसैगरी, अवैध नदीजन्य पदार्थ उत्खनन नियन्त्रणका क्रममा ५२ वटा सवारीसाधन नियन्त्रणमा लिँदै रु. ६ लाख २५ हजार ५०० राजस्व सङ्कलन गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

उक्त अवधिमा लागूऔषध नियन्त्रण अभियानअन्तर्गत २१२ जना पक्राउ परेका छन् । बरामद लागूऔषधतर्फ एक किलो ५०० ग्राम ३२२ मिलिग्राम ब्राउनसुगर, चार ग्राम चरेस, पाँच किलो ६६ ग्राम ८९० मिलिग्राम गाँजा, ५०० मिलिलिटर कोरेक्स, दुई हजार ७०९ ट्याब्लेट नाइट्रोजेपाम र चार हजार १७२ क्याप्सुल ट्रामाडोल बरामद गरिएको छ । पक्राउ परेका १९१ नेपाली पुरुष, नौ महिला र १२ भारतीय नागरिकसमेत रहेका छन् ।

यसैबिच, ज्यान मार्ने उद्योगसम्बन्धी तथा अन्य गम्भीर प्रकृतिका घटनामा संलग्न फरार प्रतिवादीहरूलाई पक्राउ गर्दै अनुसन्धानलाई तीव्र बनाइएको छ । गत कार्तिक ६ गते नेपालगञ्ज उपमहानगरपालिका-१८ स्थित मिलन कटेज नजिक भएको घटनामा फलामको रड र धारिलो हतियार प्रहार गरी तीन जनालाई घाइते बनाउने जाजरकोट भेरीमालिका नगरपालिका-४ का ३० वर्षीय निरज शाहीलाई कार्तिक २४ गते पक्राउ गरिएको प्रनाउ पातलीको भनाइ छ । *(रासस)*

। सम्पादकीय ।

# देश जोगाउन र बनाउन सरकार प्रतिबद्ध हुनुपर्ने

शासक दलका नेताहरू पद र पैसामा भुल्दा, सिद्धान्त र विचार छोडेर भागबन्डामा लाग्दा जनता वाक्कदिक्क भए। सरकारको नेतृत्व गर्नकै निम्ति सिद्धान्त र विचार बन्धक राखेर बनेको त्यो सरकारले देशको विकासलाई उचाइमा पुऱ्याउन सकेन। सत्ताकेन्द्रित राजनीति भएको कारण सरकार स्थिर भएन। शासकहरू दलगत र व्यक्तिगत स्वार्थमा लागे। आफ्नो दलको सरकार बलियो भएकोले कुनै पनि अन्य दल र शक्तिले ढाल्न सक्दैनथ्यो भन्ने उनीहरूमा अभिमानी थियो। सरकारको नेतृत्व गरेर या सरकारमा रहेर दलका नेता, मन्त्री र सांसदहरूले पदको दुरूपयोग गरी अकुत सम्पत्ति कमाए; अनियमितता र भ्रष्टाचार गरे। सरकारमा रहेर उनीहरूले अनेक काण्ड मच्चाए। यसबाट जनता असन्तुष्ट भए। कुनै पनि सरकारले आफ्नो कार्यकाल पूरा गर्न नसक्दै सरकार हेरफेर भइरह्यो। कुनै पनि दलले बहुमत प्राप्त गर्न नसक्नु, बनेको सरकारले चित्तबुझ्दो काम नगरेकोले जनताले अर्को विकल्प खोजे। त्यसको कारण निर्वाचनमा पहिलेका ठुला दलहरू हारे। रास्वपाले बहुमत प्राप्त गऱ्यो।

रास्वपाको दृष्टिकोण ठीक ठानेर जनताले मत दिएका होइनन्। विगतमा बनेको कुनै पनि सरकारले देश र जनताप्रति जिम्मेवार भएर काम नगरेको हुँदा योपटक अर्को दलले काम गर्ला कि भन्ने आशाले जनताले मत हाले। यो मत परीक्षणको लागि राखेको हो। परीक्षणको लागि हालेको मत सधैँ स्थिर रहन्छ भन्ने होइन। जनता वाक्कदिक्क, असन्तुष्ट भएरै नै जनताले सरकार गठनको निम्ति अर्को दल खोजेका हुन्। बन्ने सरकारका नेता, मन्त्रीहरूमा पनि अभिमानीको मात चढ्यो, अरु दललाई गन्दैन, पदको दुरूपयोग गरी मौका यही हो भनेर कमाउनतिर लाग्यो भने यो पार्टीको गति पनि त्यस्तै हुनेमा शङ्का छैन।

निर्वाचनमा लाखौँ करोडौँ रकम खर्च गरेर, सामान बाँडेर, झूटा आश्वासन दिएर, साम्प्रदायिक भावना फैलाएर, धाकधम्की दिएर लिएको कुनै पनि दलको मत साँचो अर्थमा सिद्धान्त र विचारले भिजेको हुँदैन। निर्वाचनमा आउने नतिजाको आधारमा कुनै दललाई गलत र सही भनी टिप्पणी गर्नु मनासिब हुँदैन। निर्वाचनको नतिजा नै कुनै पार्टीलाई नाप्ने मापदण्ड होइन। असैद्धान्तिक गाली गरेर, धम्क्याएर, होच्याएर, दुष्प्रचार गरेर, लोभलालच देखाएर कुनै दलले पाएको मत स्थिर नहुने कुरा हरेक पटकको निर्वाचनको मत परिणामले देखाएको छ। यो निर्वाचनमा पनि पैसाको छेलोखेलो भएको जानकारी प्रकाशमा आयो। उम्मेदवार बनाउन लाखौँ लाख पैसा पार्टीले मागेको कुरा सार्वजनिक भयो। पैसा मागेकै कारण उम्मेदवार नबनेको कुरा बाहिर आएको थियो। लाखौँ पैसा खर्च गरेका उम्मेदवारहरूले आफ्नो भएको खर्च उठाउन के अवैध कार्य नगर्लान् ? शङ्का गर्ने ठाउँ छ।

जनताले सरकारको नेतृत्व गर्न जिम्मा दिएपछि त्यो सरकारले आफ्नो जिम्मेवारी बोध गरेर जनताको चाहनाअनुसार काम गर्नुपर्छ। झन्डै दुईतिहाइ मत प्राप्त गरेको भनी दलले गर्व गर्नुभन्दा त्योअनुसार काम गरेर देखाउनुपर्छ। हिजो सडक र सदनमा यो र त्यो गर्नुपऱ्यो भनी चर्को चर्को बोल्नेहरूको हातमा अब सरकार बन्नेवाला छ। अब बन्ने बहुमत प्राप्त सरकारले जनताको मतलाई कसरी कदर गर्ने हो ? बहुमत प्राप्त दलले बहुमत जनताको सेवा के काम गरेर देखाउने हो ? नयाँ सरकारले विगतको कमी कमजोरी औँल्याएर काम गर्नु आवश्यक छ। बन्ने सरकार विदेशी शक्ति राष्ट्रहरूको उठबसमा चल्ला कि भन्ने शङ्कालाई यो सरकारले मेटाउनुपर्छ। जनताको त्यो आशङ्का मेटाउन मन्त्रालयमा थन्केको एसपीपी योजना फाल्नुपर्छ। बहुमत प्राप्त सरकारले बहुमत जनता या श्रमजीवीवर्गको हितमा काम गर्नुपर्छ। हिजोझैँ अहिले बन्ने सरकारले पनि उही काम दोहोऱ्याउँछ, निर्णय गर्छ भने नेपाली जनताले के भेद देखाउने ?

हरेक नेपाली नागरिकलाई देशको स्वतन्त्रता, स्वाधीनता र सार्वभौमिकतालाई आफ्नो आँखाको नानीजस्तै जोगाउन शासकहरूले उत्साहित गर्नुपर्छ। आफ्नो देशको रक्षा र हितको विरोधमा विदेशीहरूलाई गुप्त र रक्षा मामिलाको सूचना दिने तथा जनताको हितविपरीत काम गर्ने देशद्रोही र जनद्रोहीबारे राज्यलाई सूचना दिने काम गर्नुपर्छ र राज्य पनि त्यसतर्फ संवेदनशील हुनुपर्छ। जनतामा त्यो भावना दिइएन भने विदेशी शक्ति राष्ट्रहरूले आक्रमण, थिचोमिचो गरे पनि हस्तक्षेप र दबाब दिए पनि जनता उठ्ने छैनन्; जनता जागरुक हुने छैनन्। यसकारण, अबको सरकार देश बनाउन मात्र होइन जोगाउन पनि अघि सर्नुपर्छ। अनि मात्र सरकारले आफ्नो कर्तव्य पूरा गरेको हुन्छ।

# भारतीय समाजको नाजीकरण

✍ अरुन्धती रोय

हिजोआज हामीलाई आफ्ना नेताहरूसँग मात्रै होइन, जनसङ्ख्याको ठुलै तप्कादेखि डर लाग्न थालेको छ। यति नै बेला सडक, कक्षाकोठा र कयौँ सार्वजनिक स्थानहरूमा क्षुद्रतालाई दैनन्दिनको सामान्य विषय जस्तै बनाइएको छ। वास्तवमा भारतको संविधानलाई किनारा लगाइएको छ। भारतीय दण्ड संहिता पुनः लेख्न थालिएको छ। वर्तमान सत्ताधारीहरूले सन् २०२४ को निर्वाचनमा बहुमत हासिल गरे भने सम्भवतः हामीले नयाँ संविधान हेर्न पाउने छौँ। के पनि सम्भव छ भने जेलाई हामी परिसीमा भन्छौँ त्यो पनि भत्किने छ। हुनसक्छ, यसैको प्रयोग गरेर भाजपाको जनाधार भएको उत्तर भारतको हिन्दीभाषी राज्यहरूमा संसदीय सिट बढाइने छ।

दक्षिणका राज्यहरूमा यसले ठुलो असन्तोष पैदा गर्नेछ। यो कदमले भारतलाई एउटा त्यस्तो देशमा परिणत गरिदिनेछ, जहाँ छुट्टा-छुट्टै राज्यबिच चिसोपना र द्वन्द्वले निश्चित आकार ग्रहण गर्नेछ। यिनीहरू निर्वाचनमा पराजित हुने सम्भावना निकै न्यून छ। तर, उनीहरू पराजित भए पनि आफूलाई श्रेष्ठ ठान्ने भावको विष गहिरोगरी तलसम्म पुगिसकेको छ। यसले 'चेक एन्ड ब्यालेन्स' बनाइराख्ने प्रत्येक सार्वजनिक संस्थालाई पङ्गु बनाइदिएको छ। हाल एउटा कमजोर र पङ्गु बनाइएको सर्वोच्च न्यायालय बाहेक निगरानी र अङ्कुश लगाई राख्ने कुनै पनि संस्था बाँकी छैनन्। पछिल्ला दुई दशकमा खुला बजार, फासीवादी अभ्यास र तथाकथित स्वतन्त्र प्रेसको गठजोडमा भारतलाई यस्तो ठाउँमा पुऱ्याइएको छ, जसलाई कुनै पनि मूल्यमा लोकतान्त्रिक भन्न सकिँदैन।

गत जनवरीमा भएका दुईवटा परिघटनाले यसको त्यस्तो दृष्टान्त पस्कन्छन्, जुन सम्भवतः अन्य घटनाले कहिल्यै देखाउन सक्ने थिएनन्। बीबीसीले 'इन्डियाः द मोदी क्वेश्चन' नाममा दुई भागमा एउटा डकुमेन्ट्री सार्वजनिक गऱ्यो र त्यसको केही दिनपछि अमेरिकाको सानो कम्पनी हिन्डनबर्ग रिसर्चले एउटा प्रतिवेदन प्रकाशित गऱ्यो। हिजोआज यसलाई 'हिन्डनबर्ग रिपोर्ट' भन्ने गरिन्छ। हिन्डनबर्ग रिसर्चको विशेषज्ञता 'एक्टिभिस्ट शर्ट शेलिङ' मा छ। उनीहरूले भारतको सबैभन्दा ठुलो कर्पोरेट कम्पनी अडाणी समूहको छक्कै पार्ने खालको उच्चस्तरको ठगीलाई सबैसामु उजागर गरिदिए। बीबीसी-हिन्डनबर्गको मामिलालाई भारतीय मिडियाले यसरी प्रस्तुत गरे मानौँ यो भारतको ट्विन टावरमाथि गरिएको हमलाभन्दा कम थिएन। यी ट्विन टावर हुन्, प्रधानमन्त्री नरेन्द्र मोदी र भारतका लागि सबैभन्दा ठुला उद्योगपति गौतम अडाणी। अडाणी हालसम्म संसारका तेस्रा सबैभन्दा धनी भारतीय व्यक्तिमध्ये पर्छन्। यी दुवैविरुद्ध लगाइएको आरोप हलुका खालका थिएनन्।

बीबीसीको डकुमेन्ट्रीले गुजरातको सामूहिक कत्लेआममा मोदीको सहभागिता थियो भन्नेतर्फ सङ्केत गर्छ। हिन्डनवर्ग रिपोर्टले अडाणीमाथि 'कर्पोरेट इतिहासकै सबैभन्दा ठुलो ठगी' गरेको आरोप लगाएको छ। गत ३० अगस्टका दिन द गार्जियन र फाइनान्शियल टाइम्सले अपराधको सबूत स्थापित गर्ने गरी दुईवटा दस्तावेजका आधारमा लेख प्रकाशित गऱ्यो। ती रिपोर्ट अर्गनाइज्ड क्राइम एन्ड करप्सन रिपोर्टिङ प्रोजेक्ट (ओसीसीआरपी) ले गरेको थियो।

यसमा पनि हिन्डनबर्ग रिपोर्टलाई थप पुष्टि गरिएको छ। भारतका अनुसन्धान निकायहरू र धेरैजसो भारतीय मिडिया संस्थानहरू यी तथ्यहरूको अनुसन्धान गर्न सक्ने वा यी लेखहरू प्रकाशित गर्न सक्ने अवस्थामै छैनन्। जब अन्तर्राष्ट्रिय मिडियाले यस्ता सामग्री प्रकाशित गर्छन्, त्यसपछि निस्सारताले परिपूर्ण आक्रामक राष्ट्रवादको वर्तमान धरातलमा यसलाई सम्प्रभुतामाथिको प्रहार हो भन्न सजिलो भइजान्छ।

मोदी सरकारले यसमाथि प्रतिबन्ध लगाइदिएको छ। प्रत्येक सामाजिक सञ्जालका प्लेटफर्महरूले प्रतिबन्धलाई पूर्ण रुपमा स्वीकारेका छन् र उपलब्ध सबै लिङ्क तथा सन्दर्भहरू मेटाइदिएका छन्। डकुमेन्ट्री रिलिज भएको हप्ता दिनमै बीबीसीको कार्यालयलाई प्रहरीले आफ्नो नियन्त्रणमा लियो र राजश्व अनुसन्धान विभागका अधिकारीहरूले ती कार्यालयमा छापा मारे।

गौतम अडाणी संसारका सबैभन्दा धनी व्यक्तिहरूमध्ये एक हुन् तर तपाईंले निर्वाचनका बेलामा भारतीय जनता पार्टीको तडक-भडक हेर्नुभयो भने भारतको मात्रै होइन संसारकै सबैभन्दा धेरै धनी राजनीतिक दल भाजपा भएको चाल पाउनु हुनेछ। भाजपाले सन् २०१६ मा निर्वाचन बोन्ड योजना लागू गऱ्यो। यसले कर्पोरेट कम्पनीहरूले आफ्नो पहिचान सार्वजनिक नगरिकनै राजनीतिक दलहरूलाई 'कर्पोरेट फन्ड' उपलब्ध गराउन सक्ने अनुमति दियो। हालसम्म भाजपा सबैभन्दा धेरै 'कर्पोरेट फन्डिङ' हासिल गर्ने पार्टी हो। लाग्छ, ट्विन टावरको नाभी एकै ठाउँमा जोडिएको छ।




जसरी मोदीलाई चाहिएको बेला अडाणी उनीसँगै उभिएका थिए, मोदी सरकार पनि अदाणीसँगै उभिएको छ। र, यिनले संसदमा विपक्षद्वारा सोधिएको एउटा प्रश्नको पनि जवाफ दिन उपयुक्त ठानेनन्। यो अवस्था कहाँसम्म पुगेको छ भने उनीहरूले विपक्षका सांसदको भाषण संसद्को रेकर्डबाट समेत मेटाइदिएका छन्।

एकातर्फ भाजपा र अदाणीले आ-आफ्नो भागको कुस्त सम्पत्ति कुम्लयाएका छन् भने अर्कोतर्फ अक्सफामको प्रतिवेदनले भारतको जनसङ्ख्याको उपल्लो १० प्रतिशत मानिससँग देशको कुल सम्पत्तीको ७७ प्रतिशत रहेको सार्वजनिक गरेको छ। सन् २०१७ सृजना भएको कुल सम्पत्तीको ७३ प्रतिशत सबैभन्दा धनी १ प्रतिशत मानिसको हातमा सङ्कुचित हुन पुगेको छ। जबकि भारतको सबैभन्दा गरिब ६७ करोड अर्थात आधा भारतीयको सम्पत्ति जम्मा १ प्रतिशतले वृद्धि भएको छ।

विश्वभर भारतलाई एउटा विशाल बजार भएको आर्थिक शक्तिका रुपमा चिन्ने गरिन्छ तर वास्तविकता के हो भने भारतको अधिकांश जनसङ्ख्या पूर्णतयाः बर्बादोन्मुख गरिबीमा बाँच्ने गर्छ। लाखौँ मानिस गुजारा चलाउनको लागि उपलब्ध गराइने खाद्य थैलोको भरमा जिउन अभिसप्त छन्। त्यही थैलोमा पनि मोदीको अनुहार छापेर वितरण गरिन्छ। भारत- निकै गरिब जनताको निकै धनी देश हो। संसारको सबैभन्दा असमानता भएको समाजहरू मध्ये एक।

अक्सफाम इन्डियाले पनि आफ्नो परिश्रमको फल पायो। उनीहरूको कार्यालयमा छापा मारियो। सरकारका लागि अवरोध खडा गर्ने एमेनेस्टी इन्टरनेशनल र अन्य केही गैरसरकारी सङ्गठनहरूलाई त कतिसम्म दुःख दिइयो भने उनीहरूले भारतमा काम गर्नै छाडे। यी कुनै पनि विषयले पश्चिमी लोकतन्त्रका नेताहरूलाई छोएन। हिन्डनबर्ग-बीबीसी मामिलाको केही दिन भित्रै 'न्यानोपन र उपयोगी' बैठकसँगै प्रधानमन्त्री मोदी, राष्ट्रपति जो बाइडेन र राष्ट्रपति इमानुएल म्याक्रोँले भारतले बोइङ र एयरबस हवाइजहाज किन्न सहमत भएको घोषणा गरे।

बाइडेनले दुई देशबिच भएको व्यापार सम्झौताबाट १० लाखभन्दा धेरै अमेरिकीले रोजगारी पाउने बताए। एयरबसमा रोल्स रोयसको इन्जिन हुनेछ। "ब्रिटेनको उदाउँदो विमान निर्माण क्षेत्रका लागि आकाश नै सीमा हो," ब्रिटेनका प्रधानमन्त्री ऋषि सुनकले भने।

जुलाईमा मोदीले अमेरिकाको राजकीय भ्रमण गरे र राष्ट्रिय दिवसका अवसरमा प्रमुख अतिथिका रुपमा फ्रान्स गए। के तपाईं यसमा विश्वास गर्न सक्नुहुन्छ ? बाइडेन र म्याक्रों बडो शर्मनाक ढङ्गले मोदीको चाकडी गरिरहेका थिए। जबकि उनीहरूलाई राम्रैसँग के थाहा छ भने सन् २०२४ को चुनाव प्रचारमा यसले मोदीलाई बरदानको काम गर्नेछ। जुन व्यक्तिलाई उनीहरू अङ्गालोमा बेरिरहेका छन्, यसबारे उनीहरूले थाहा पाउनुपर्ने त्यस्तो केही बाँकी छैन।

जतिबेला उनीहरू मोदीसँग अङ्गालो मारिरहेका थिए, ठ्याक्कै त्यति नै बेला उत्तर भारतको एउटा सानो गाउँबाट मुसलमानहरूले आफ्नो घर छोडेर भाग्नु परेको थियो भन्ने उनीहरूलाई पक्कै थाहा थियो। 'मुसलमान-मुक्त' उत्तराखण्डको चर्चा खुलेआम भइरहेको छ। उनीहरूलाई थाहा थियो होला- मोदीको शासनकालमा भारतको पूर्वोत्तर राज्य मणिपुर बर्बर गृहयुद्धको आगोमा जलिरहेको छ। त्यहाँ एक प्रकारको नश्लीय सफाया नै गरिएको छ। सुरक्षा संस्थानहरू सुस्पष्ट रुपमा दुई खेमामा विभाजित छन्। एकातर्फ प्रहरी छ त अर्कोतर्फ व्यवस्था शुन्य छ। इन्टरनेट बन्द छ। समाचार चुहिएर आउन हप्तौँ लागिरहेको छ।

यति हुँदा पनि संसारका शक्तिशालीहरू मोदीलाई त्यो सबैथोक उपलब्ध गराइरहेका छन्, जुन उनलाई भारतको सामाजिक तानाबाना बर्बाद गर्नका लागि र जलाउनका लागि चाहिन्छ। मलाई सोध्नुहुन्छ भने यो एक प्रकारको नश्लवाद हो। यी शक्तिहरू लोकतान्त्रिक भएको दाबी त गर्छन तर ती नश्लवादी छन्। उनीहरू जुन 'मूल्य-मान्यता' मान्छौँ भनेर दाबी गर्छन्, त्यो अश्वेत देशहरूमा लागू हुनुपर्छ भन्ने कुरामा विश्वास गर्दैनन्।

तर, यसले केही फरक पर्दैन। हामीहरू आफ्नो लडाईं लड्ने छौं र अन्ततः आफ्नो देशलाई पुनः प्राप्त गर्नेछौँ। भारतको लोकतन्त्रलाई टुक्रा-टुक्रा पार्दा यसले संसारमा केही असर पर्दैन भनेर उनीहरू सोच्छन् भने यो निश्चित रुपमा खयाली पुलाउ पकाएजस्तै हो।

हामी एउटा भिन्न परिस्थितिमा पुगिसकेका छौं भनेर भन्दै गर्दा खासमा मैले यसैबारे कुरा गरिरहेकी थिएँ। चेतावनीको समय सक्किसकेको छ र हामीलाई आफ्नै जनताको एउटा हिस्सासँग त्यति नै डर लाग्न थालेको छ जति आफ्ना नेताहरूसँग।

यस विषयमा कुरा गर्नका लागि भारतीय प्रधानमन्त्रीसँग कुनै शब्द छैनन्। यो निर्वाचनको मौसम हो र आगामी मे सम्ममा निर्वाचन भइसक्छ। त्यसैले यो सबै चुनावी अभियानको अंश हो। हामी झनै धेरै रगतको होली, सामूहिक हत्या, षड्यन्त्रपूर्ण झुठा हमला, नक्कली युद्ध र त्यस्ता प्रत्येक घटनाका लागि तयार छौँ, जसले पहिलेदेखि नै विभाजित समाजलाई झनै विभाजित बनाइदिनेछ।

भारतमा जे हुँदै छ, त्यो सामान्य इन्टरनेटमा चलाइएको फासीवाद होइन। यो धरातलीय वास्तविकता हो। हामी नाजी भइसकेका छौँ - हाम्रा नेताहरू मात्रै होइनन्, हाम्रा टीभी च्यानल र अखबार मात्रै होइनन्, हाम्रो जनसङ्ख्याको व्यापक हिस्सा नै नाजीवादी भइसकेको छ। अमेरिका, युरोप र दक्षिण अफ्रिकामा बसोबास गर्ने व्यापक हिन्दू समुदायले राजनीतिक र भौतिक रुपमा फासीवादलाई सघाईरहेको छ। आफ्नो अन्तस्करण, आफ्ना केटाकेटीको अन्तस्करण र आफ्ना केटाकेटीका पनि केटाकेटीको अन्तस्करणका लागि हामी उठ्नैपर्ने हुन्छ। हामी सफल हुन्छौँ कि असफल त्यसले धेरै माने राख्दैन।

सन् २०२४ मा मोदी विजयी भए भने असहमतिका सबै मार्ग बन्द गरिनेछन्। यो हलमा उपस्थित तपाईंहरूमध्ये कसैले पनि जे भइरहेको छ, त्यसबारे मलाई थाहा थिएन भनेर ढोंग गर्न मिल्दैन।

एउटा लेखकले आफ्नो लेखनले संसारै बदल्न सक्छु भन्नु आफैमा अलिकति अशिष्ट, उदण्ड र मूर्खतापूर्ण पनि सुनिन सक्छ। तर, उसले अलिकति प्रयाससमेत पनि गरेन भने साँच्चै दुःखद हुनेछ।

***(अरुन्धती रोयले 'युरोपियन एस्से प्राईज फर लाईभ टाइम एचीभमेन्ट' स्वीकार गर्न स्विजरल्यान्ड गएको बेला दिएको मन्तव्य।)***

# चीनको सुधार आन्दोलन

*(चीनको आधुनिक इतिहासबारे जानकारी राख्न चीनको अफिम युद्ध, चीनको ताइपिङ किसान क्रान्ति, दोस्रो अफिम युद्ध, चीनको सुधार आन्दोलन, चीनको सच्चाइ र मेलमिलापको आन्दोलन (बक्सर विद्रोह), चीनको १९११ को क्रान्ति, ४ मई १९१९ को आन्दोलन, चिनियाँ कम्युनिस्ट पार्टीको स्थापना, कोमिनताङ पार्टी र कम्युनिस्ट पार्टीको संयुक्त मोर्चा र सन यात-सेनको मृत्युपछि संयुक्त मोर्चाको विघटन र कोमिनताङको दक्षिणपन्थी पक्षले क्रान्तिलाई विश्वासघात गरेको विषय अध्ययन गर्नु आवश्यक छ ।*

*साम्राज्यवादीहरू र चिनियाँ प्रतिक्रियावादीहरूको गठबन्धनको विरोधमा चीनलाई एक स्वतन्त्र देशको रूपमा उभ्याउन चिनियाँ कम्युनिस्ट पार्टी र मजदुर, किसान, राष्ट्रिय पुँजीपतिवर्ग र अन्य सबै देशभक्तहरूलाई एकगठ गरेर कसरी काम गर्दै गए, के कस्ता विद्रोहहरू भए र योगदान दिए भन्नेबारे जानकारी दिन २०३८ सालको पुस महिनामा काठमाडौंको युवा अध्ययन गोष्ठीले 'चीनका प्रसिद्ध विद्रोहहरू' सम्पादन र प्रकाशन गरेको थियो । सो पुस्तिकामा 'शरद्को बाली काट्ने विद्रोह', '१ अगस्टको नानचाङ विद्रोह', 'नानचाङ विद्रोह र त्यसको ऐतिहासिक महत्त्व', 'क्यान्टन विद्रोह', 'शाङघाइका मजदुरहरूको तेस्रो सशस्त्र विद्रोह' र 'क्वाङचाओ विद्रोह' छापिएको थियो । ती लेखहरू 'पेकिङ रिभ्यु' र 'चाइना रिकन्स्ट्रक्सन' बाट उल्था गरिएका थिए । यसबारे जानकारीको निम्ति 'चीनका प्रसिद्ध युद्ध र विद्रोहहरू' पुस्तकबाट फेरि साभार गरिएको छ । -सं)*

**चीनमा पुँजीवादको विकास**

कुटीर व्यवसाय र हाते उद्योग प्राचीन चीनमै विकास भइसकेको थियो तर आधुनिक उद्योग भने सन् १८४० को दशकमा बेलायतले क्यान्टनमा जहाज मर्मत गर्ने ज्यासल स्थापनापछि भयो । अमेरिकी र बेलायती साहुमहाजनहरूले पनि साङ्घाई, अमोइ (Amoy) र फूचोउ (Foochow) मा समेत जहाज मर्मत कारखानाहरू स्थापना गरे ।

सन् १८६१ पछि बेलायती, फ्रान्सेली र अमेरिकी पुँजीपतिवर्गले पनि साङ्घाई र अन्य सहरहरूमा रेशमका कारखानाहरू स्थापना गरे । १८६३ मा रुसी पुँजीपतिहरूले हान्को (Hankow), कियुकियाङ (Kiukiang) र फूचोउमा चिया कारखानाहरू स्थापना गरे । ती सबै विदेशी कारखानाहरूमा चिनियाँ मजदुरहरूले नै काम गर्थे ।

सन् १८६१ मा फूचोउमा चिनियाँ साहुमहाजनहरूले पनि चिया कारखाना खोले, साङ्घाईमा धान, चामल र भूसको कारखाना खोले । सन् १८८० मा नानहाई (Nanhai) मा यन्त्रजडित रेशम कारखाना स्थापना गरियो । यसरी चीनमा स-सानाबाट ठूलठूला चिनियाँ साहुमहाजन र पुँजीपतिवर्गले आधुनिक उद्योगधन्दाको सुरु गरे । तर, साम्राज्यवादी देशहरूले चीनलाई लडाइँमा हराउँदै आफ्ना मालसामानमा कर तिर्न अस्वीकार गर्दै नयाँ-नयाँ असमान सन्धिमा हस्ताक्षर गराउँदै गए ।

एक-एक पाइला गर्दै विदेशीहरूले चीनमै धातु उद्योग र हातहतियारको कारखाना बनाउने अधिकार पाउँदै गए । चीन विस्तारै बेलायत, अमेरिका, फ्रान्स, जापान र जर्मनीको अर्ध-उपनिवेश बन्दै गयो ।

ती साम्राज्यवादी देशहरूले बैङ्कहरू स्थापना गरे, कागजका नोटहरू छापे र चलाए तथा जम्मा भएको रकम (Deposit) वा निक्षेप चलाउन थाले । लडाइँमा हारेको हुँदा साम्राज्यवादी देशहरूले चीनलाई १८९४-१८९९ सम्ममा ३७ करोड चाँदीका ईँटाहरू हर्जाना वा लडाइँको क्षतिपूर्ति तिराए । ती देशहरूले त्यो रकमलाई ऋणको रूपमा बोकाए र भन्सारको कर र अन्तशुल्क, अनि नुन कर तथा ऋणको प्रत्याभूति सबै हातमा लिए ।

सन् १८९५ देखि १८९६ सम्ममा बेलायतीहरूले कपास र धागो कारखाना, कपडा कारखाना र पिठो कारखाना साङ्घाईमा खोले तथा अमेरिकी र जर्मनीयालीहरूले कपास, धागो र बुन्ने कारखाना खोले । जापानीहरूले पनि कपास, धागो र पिठो कारखाना खोले ।

सन् १८९५-१९०५ सम्ममा रुस, जर्मनी, संरा अमेरिका र बेलायतले भागबन्डा गरी रेलको बाटो बिछ्याउने अधिकार पाए । रुस, बेलायत र जापानले खानीहरू खन्ने अधिकार पाए ।

यसप्रकार ती साम्राज्यवादी देशहरूले एकपछि अर्को बन्दरगाह, खानी, सहर र 'प्रभाव क्षेत्रहरू' प्राप्त गर्दै गए । ती प्रभाव क्षेत्रहरूमा ती देशहरूले आर्थिक गतिविधि, कर लगाउने, धर्म प्रचार आदि सबै कार्य गर्ने छुट पाए ।

सुरुमा सरकारकै रेखदेखमा निजी आधुनिक उद्योगधन्दा सुरु भएको थियो । सन् १८८१ मा ४ वटा मात्रै निजी कारखाना र खानी थिए । सन् १८९५ मा त्यो सङ्ख्या ६७ वटा पुग्यो । पुँजीको हिसाबले त्यस अवधिमा ३,३०,००० चाँदीको मुद्राबाट ८५,३०,००० रूपैयाँ पुगेको थियो । कपडा उद्योग छिटो विकास भयो र पुँजीको हिसाबले २० गुणा बढ्यो । ती कारखानाहरू साङ्घाई र खासगरी वेनचाङ (Wenchang), हान्को (Hankow) र हानयाङ (Hanyang) मा केन्द्रित रहयो । निजी कोइला खानी भने क्वाङतुङ (Kwangtung), शान्तुङ (Shantung) र शान्सी (Shansi) मा केन्द्रित थियो । धातु उद्योग, काँच, सलाई, रेशम, धान, मैदा वा पिठो, खानेतेल र सुर्तीजन्य उद्योगले छिटो फड्को मार्‍यो ।

फ्रान्स र बेलायतले भियतनाम, बर्मालाई आफ्नो कब्जामा लिए तथा बेलायतले दक्षिण-पश्चिम चीनको तिब्बतमा हमला गर्‍यो ।

जारशाही रुसले उत्तर-पूर्वी चीनको हैलुङ र उसुली (Wusuli) नदीको पूर्व एवं उत्तर पश्चिमी क्षेत्रमा विशाल भूमिमा अतिक्रमण गर्‍यो तथा उत्तर-पूर्वमा आफ्नै हैकम कायम गर्ने षड्यन्त्र गर्‍यो । ती नदीहरूलाई अमुर (Amur) र उसुरी ( Ussuri) पनि भनिन्छ ।

सन् १८९४-९५ मा जापानले चीनमाथि हमला गर्‍यो । लडाइँमा चीन हार्‍यो र चीनको थाइवान (Taiwan) प्रान्त र लाओतोङ प्रायः द्वीप (Laodong Peninsula) जापानलाई सुम्प्यो । शाशि ( Shashi), चोङ छिङ (Chongquing), सुचौ (Suzhou) र हाङचौ (Hangzhou) विदेशी व्यापारको निम्ति खुला गर्‍यो र दुई करोड चाँदीको मुद्रा हर्जाना चीनलाई तिरायो । चीनको तर्फबाट लि होङ चाङ (Li Hong Zhong) भन्ने एक दरबारीलाई जापान पठाइयो र हस्ताक्षर गराइयो । त्यस सम्झौतालाई शिमोनोसेकी सन्धि (Treaty of Shimonoseki) भनिन्छ । चीनको इतिहासमा लि होङ चाङ एक विश्वासघाती, षड्यन्त्रकारी र आत्मसमर्पणवादी व्यक्ति भनी बदनाम छ ।

सन् १८९७ मा जर्मनीले कियाओचो खाडी (Kiao Chow Bay) कब्जा गर्‍यो । रुसले लुशुन (Lushun) र तालिन (Talin) कब्जा गर्‍यो । फ्रान्सले क्वाङचौ खाडी (Kwangchou Bay) र बेलायतले वइहोइवइ (Weihoiwei) र कोउलून (Kowloon) लाई ठेक्कामा लियो ।

**पुँजीवादी सुधारको खाँचो**


आधुनिक उद्योगधन्दाको विकास र पश्चिमी पुँजीवादी देशहरूको विकासको प्रचार हुँदै गयो । साथै चिनियाँ साहुमहाजन, नयाँ उद्योगपतिहरू, शासनमा बसेका केही माथिल्ला कर्मचारी र जमिनदारहरू पुँजीवादी विकासप्रति आकर्षित हुँदै गए । तर, पुरानै शासन प्रणालीले औद्योगिक क्रान्तिलाई अगाडि बढाउन बाधा दिँदै थियो ।

विदेशी हमला, थिचोमिचो र नियन्त्रणको कारण चिनियाँ बुद्धिजीवीहरूले सामन्ती निरङ्कुश राजतन्त्र, कर्मचारीतन्त्र र पुरानै शैलीको प्रशासन एवं शिक्षा र संस्कृतिलाई दोष दिए । त्यसकारण, बुद्धिजीवीहरूले संवैधानिक राजतन्त्र, पश्चिमी शैलीको विकास, विज्ञान-प्रविधि र शिक्षा तथा जीवनशैलीमा सुधारको आवश्यकता अनुभव गरे । यस्तो सुधारले मात्र देशको समृद्धि र उन्नति हुने तथा बलियो देश भएमा विदेशी थिचोमिचोबाट मुक्त हुने अनुमान गर्थे । ती सुधारका पक्षपातीहरू सम्राटलाई चित्त बुझाएर माथिबाटै सुधारहरू लागू गर्न सकिन्छ भन्ने सोच्थे । यसकारण, तिनीहरू एकपछि अर्को बिन्तीपत्रहरू राखेर सम्राटलाई चित्त बुझाउन चाहन्थे ।

ती सुधार चाहनेहरूमध्ये काङ यु-वई (Kang Yu-Wei), लियाङ चि चाओ (Liang Chi-Chao), तान स्वे-तुङ (Tan sze-Tung) आदि थिए । त्यसबेला सम्राट क्वाङ सु (Kuang Hsu) कमजोर शासक थिए भने सानोमा आफ्नो संरक्षिका काकी विधवा साम्राज्ञी त्सु सी (Tzu Hsi) ले दरबारको रुढीवादी गुटको नेतृत्व गर्थिन् । सारमा, उनी शक्तिशाली थिइन् ।

**सुधारको निम्ति प्रचार-प्रसार र सङ्गठन**

चिनियाँ बुद्धिजीवीहरूले १८६२ देखि १८८७ सम्ममा नयाँ विचार र चिन्तनबारे एक सय




वटाभन्दा बढी पुस्तकहरू लेखे र छापे । सुरुमा 'काइश्चेली साहित्य सभा' जस्ता संस्थाहरूले पुस्तक र पत्रपत्रिका प्रकाशित गरी चीनमाथि सांस्कृतिक आक्रमण गरेको अनुभव गरे । त्यसको विरोधमा एकपछि अर्को पुँजीवादी सुधारवादीहरूले पुस्तकहरू लेख्न थाले । युङ विन, वाङ थाओ, खे फु- छङ, मा च्येन युङ, चङ क्वान - इङ आदि सुरुका लेखकहरू थिए ।

सन् १८६२ मा चाङ क्वान इङ भन्ने एक व्यापारीले 'सामाजिक दोषहरूको निवारणको जरुरी उपाय' पुस्तक लेखे । उनी पश्चिमीकरणका सुरुका एक पक्षपाती थिए । त्यही पुस्तकलाई उनले १८७१ मा 'मौलिक विचार' भनी संशोधित संस्करण निकाले । १८९३ मा उनले अर्को संशोधित संस्करण 'शान्ति र समृद्धिकालमा दिइएका हाँकहरू' शीर्षकमा प्रकाशित गरे ।

काङ यु-वई (Kang yu-wei) सुधार आन्दोलनका एक अग्रदूत थिए । उनी क्वाङतुङ प्रान्तका एक जमिनदार तथा सरकारी कर्मचारीको परिवारमा जन्मेका थिए । पुरानै ढङ्गका शिक्षित युवा हङकङ र साङ्घाईको पश्चिमी विचारबाट प्रभावित थिए । यसकारण, उनी आफ्नो देशलाई पनि पश्चिमी शैलीमा सुधार गर्न चाहन्थे ।

काङ यु- वईले 'विश्व बुलेटिन' (Chung Wai Chi won) भन्ने एक समाचारपत्र प्रकाशित गरे । केही कर्मचारीहरू मिलेर 'बलियो हुन सिक्ने समाज' (Chiang Hsuch Hai) नाउँको एक संस्था खोले । त्यस संस्थाले अनुवादित पुस्तक र पत्रपत्रिका प्रकाशन, पुस्तकालय र सङ्ग्रहालयहरू स्थापना गर्ने निर्णय गर्‍यो ।

राजनैतिक सुधारका अर्का एक पक्षपाती हुआङ त्सुन-सीन (Huang Tsun-Hsien) ले 'समकालीन विषय' भन्ने एक दैनिक समाचारपत्र साङ्घाईबाट प्रकाशित गरे । त्यस दैनिकका सम्पादक लियाङ चि-चाओ (Liang Chi-Chao) थिए । उनले 'सुधारबारे अनेक टीकाटिप्पणी' लेखे । बुद्धिजीवीहरूमा दैनिक लोकप्रिय हुँदै गयो र केही महिनाभित्रै ग्राहक १० हजार पुगे । त्यसबेला त्यो सङ्ख्या साह्रै ठूलो मानिन्थ्यो ।

काङ यु-वईले साम्राज्यवादी देशहरूको 'प्रभाव क्षेत्र' ले देश विभाजित हुने खतरा रहेको बताउँदै 'राष्ट्रिय मुक्ति समाज' (Pao Kuo Hui) स्थापना गरे ।

१८९७ मा प्रवासी चिनियाँ व्यापारीसँग मिलेर काङ यु-वईले 'नयाँ ज्ञान-पत्रिका' र अरूले पनि 'हुनान पत्रिका', 'नवीन हुनान पत्रिका', 'हुनान दैनिक', 'राष्ट्रिय समाचार', 'राष्ट्रिय समाचार सङ्कलन', 'पत्रिका' आदि देशभरिबाट पत्र-पत्रिका प्रकाशित गरे ।

'दिव्य सिद्धान्त संस्था', 'दक्षिणी संस्था' आदि संस्थाहरू पनि स्थापित हुँदै गए । लियाङ चि-चाओले १८९८ को राज्य विप्लव वा राजद्रोहको संस्मरणमा बताएका थिए, तीन वर्षमा देशभर २४ संस्था, १८ विद्यालय, ७ समाचारपत्र र दुई प्रकाशन गृह स्थापना भए । संस्थाहरू, विद्यालय र समाचारपत्रको सङ्ख्या तीनसय पुगेको थियो ।

सुधारवादी आन्दोलनकारीहरूले देशका विभिन्न प्रान्तहरूमा बुद्धिजीवीहरूलाई सचेत र सङ्गठित गर्ने काममा सक्रियता देखाए, त्यो नौलो विषय थियो । बेलायतको 'प्रभाव क्षेत्र' (Sphere of in England) च्याङचिङ नदी उपत्यका (Changjiang River Valley) थियो, क्वाङसी र क्वाङतोङको केही भाग पनि थियो ।

जापानको प्रभाव क्षेत्र फुचिन (Fujin) प्रान्त थियो, जर्मनीको शान्तोङ (Shandong) प्रान्त थियो भने रुसको उत्तर-पूर्वी तीन प्रान्त हैलोङ क्याङ (Heilong Kiang), चिलिन (Jilin) र लियाओनिङ (Loaoning) प्रान्त थियो ।

यसरी विदेशी प्रभाव बढ्दै थियो । त्यसकारण, चिनियाँ बुद्धिजीवीहरू अर्थात् पुँजीवादी सुधारवादीहरू सम्राटलाई बिन्तीपत्र दिँदै दरबारबाटै सुधारहरू लागू गरी देशलाई आधुनिक बनाउने र विदेशी प्रभावलाई रोक्ने र प्रभाव घटाउँदै जाने विचार गर्थे ।

तर, दरबारमा दुई गुट थियो- एक विधवा साम्राज्ञी त्सु सी (Tzu Hsi) को प्रतिगामी गुट र सम्राट क्वाङ यु (Kuang Yu) को सुधारवादी गुट । विधवा साम्राज्ञीको गुटमा चुङ रोङ लु (Jung Rong Lu) भन्ने एक प्रतिक्रियावादी दरबारको प्रभाव थियो ।

**सुधारका विषयहरू के के थिए ?**

जून १८९८ मा सम्राटले काङ यु-वईको सल्लाहअनुसार एक 'बृहत् परिषद्' बनाए । त्यो परिषद् सम्राटको प्रत्यक्ष निर्देशनमा काम गर्ने संस्था थियो ।

त्यस परिषद्मा तान सेच-तुङ, याङ चुई, ल्यु क्वाङ ति, लिन सु आदि सदस्य थिए ।

सुधार गर्ने सूचीमा राष्ट्र बैङ्कको स्थापना, खानी र रेल बाटोको निम्ति प्रशासनिक संस्था, कृषि, उद्योग र व्यापारको एक समिति, उद्योगका विभिन्न शाखाहरूको विकासको निम्ति समिति, राज्यको बजेटको बन्दोबस्त, आधुनिक विद्यालयहरूको स्थापना, नयाँ-नयाँ प्रकाशन तथा आविष्कारहरूलाई प्रोत्साहन दिने, विदेशी पुस्तकहरू अनुवादको उच्चस्तरीय समिति, नयाँ किसिमको सैनिक तालिमको बन्दोबस्त, गरिबहरूलाई अविछिन्न अधिकार र सम्राटलाई सबै जनताले बिन्तीपत्र टक्राउने नयाँ र अलग बन्दोबस्त आदि थिए ।

त्यस सुधारमा पुरानो शैलीको लेखाइमा परिवर्तन, पुराना शास्त्रीय पुस्तकहरूको ठाउँमा नयाँ एवं अर्थशास्त्रजस्ता व्यवहारिक विषय राखी परीक्षा प्रणालीमा सुधार गर्नुपर्ने, कर्मचारी र नागरिकहरूलाई विदेशमा अध्ययन भ्रमणको बन्दोबस्त गर्ने, पत्रकारितालाई प्रोत्साहन, हुलाकलाई गाउँ र जिल्लासम्म विस्तार गर्ने, कर्मचारीहरूको माथिल्ला पदहरू घटाउने, पुरानो ढङ्गको सेनामा जातीय बन्दोबस्तको ठाउँमा थलसेना र जलसेनामा आधुनिकता ल्याउने, चिनियाँ केटीहरूलाई काठको जुत्ता लगाउने प्रथा हटाउनेजस्ता संस्कृतिदेखि प्रान्तीय स्वायत्तताको प्रशासनिक सुधारका विषयहरू त्यसमा समावेश थियो । सारमा, चीनमा एक संवैधानिक राजतन्त्रलाई स्थापना गर्ने सुधारवादीहरूको उद्देश्य थियो । त्यो शासन व्यवस्था पनि सारमा जमिनदारवर्ग र पुँजीपतिवर्गकै हुन्थ्यो ।

जनवरी १८९८ मै सुधारलाई सम्राटबाट घोषणा गराउने उद्देश्य थियो तर ११ जून १८९८ मा मात्रै सुधारले कानुनी रूप पायो ।

पुराना सामन्त, दरबारिया र माथिल्ला कर्मचारीहरूले नयाँ बन्दोबस्तबाट आफूले खाई-पाई आएको सहुलियत र हैकम समाप्त हुने, आ-आफ्नो निरङ्कुशतामा अङ्कुश लाग्ने तथा नयाँ बन्दोबस्तमा आफू योग्य नहुँदा आ-आफ्नो पद, सान र मर्यादाबाट फालिने हुँदा अस्तित्वको निम्ति तिनीहरूले सुधारलाई तुहाउन आफ्ना सबै बल र बुद्धि लगाउन थाले । त्यसको नेतृत्व विधवा साम्राज्ञी त्यु सी जापानसँग सिमोनोसेकी सन्धिमा हस्ताक्षर गर्ने विश्वासघाती र आत्मसमर्पणवादी लि होङचाङ आदिले गरे ।

**सयदिने सुधारको पतन**

सुधारको सुरुदेखि नै त्यसलाई असफल पार्ने षड्यन्त्र सुरु भयो । विधवा साम्राज्ञीले ठूलठूला पदाधिकारीहरू र सैनिक अधिकारीहरूलाई सरुवा-बढुवा र गुटबन्दी सुरु गरिन् ।

विधवा साम्राज्ञीका पिछलग्गू दरबारी जुङ लुले उसका एक सैनिक सहयोगी युआन शि-काई (Yuang Shi-kai) लाई विश्वासमा लिई सम्राटलाई बन्दी बनाउने र मुख्य-मुख्य सुधारवादीहरूलाई प्राण सजाय दिने षड्यन्त्र सुरु गरे । युआन शि-काईले सुधारलाई सहयोग गर्ने वचन दिई सबै कुरा विधवा साम्राज्ञीलाई बताएर विश्वासघात गर्‍यो ।

११ जूनमा सुरु भएको त्यो सुधार २१ सेप्टेम्बरको दिन सैनिक विद्रोहबाट पतन भयो । २२ सेप्टेम्बर १८९८ मा सम्राट काङ यु बन्दी बनाइए र सयौं राजावादीहरूलाई पक्राउ गरी जेलमा कोचे ।

मुख्य सुधारवादीहरू काङ यु-वेई र लियाङ छि-चाओ बाध्य भएर जापान र बेलायती प्रभाव क्षेत्र हङकङ भागे तथा २८ सेप्टेम्बरको दिन तान त्वे-तुङ (Tan She-Tung), लियु क्वाङ शि (Liu Kuang shi), लिन सु (Lin hsu), याङ चुइ (Yang Jiu), याङ शेन स्यु (Yang Shen Hsui) र काङ क्वाङ चेन (Kang Kuang-Jen) लाई ज्यान सजाय दिइयो । ती ६ जनालाई १८९८ को सुधार आन्दोलनका ६ सहिद भनियो । तान त्वे तुङ पक्राउ पर्नुभन्दा पहिले उनलाई भगाउन खोज्दा उनले अन्य देशमा सुधार आन्दोलन हिंसात्मक हुन्थ्यो, चीनमा म पहिलो सहिद हुन्छु भने ।

१०३ दिनको त्यो सुधार आन्दोलन आखिरमा दरबारभित्रकै सैनिक विद्रोहद्वारा तुहाइयो । सुधार आन्दोलनले एकातिर निरङ्कुश राजतन्त्र कमजोर हुन्थ्यो भने चीन बलियो होला भनी साम्राज्यवादीहरूले त्यसलाई सहयोग गर्ने कुरै थिएन । अत्यन्त व्यापक जनतालाई सचेत र सङ्गठित नगरी एक कमजोर सम्राटको भरमा सुधार गर्नु स्वयम् असफलताको परिचायक थियो । दोस्रो, पूर्ण सफलता सम्भव थिएन र सफलै भए पनि जमिनदार र पुँजीपतिवर्गको हितमाथि पर्थ्यो, अत्यन्त बहुमत किसान र मजदुरहरूले प्रत्यक्ष फाइदा पाउन सक्दैनथे ।

तेस्रो, सुधारको अर्थ मौलिक परिवर्तन नहुने र मौलिक परिवर्तनलाई रोक्ने एक आन्दोलनमात्र साबित हुन्थ्यो । चौथो, त्यो आन्दोलन सफल भए पनि पुरानो व्यवस्थालाई बलियो र राम्रो बनाउने थियो ।

यसकारण, त्यस सुधार आन्दोलनलाई चिनियाँ विद्वानहरूले 'बन्द गल्ली' भने तथा पछि पुँजीवादी तत्त्व सुधारलाई छोडी पुँजीवादी क्रान्तिमा सामेल भए । सुधार एक प्रकारले छलछाममात्रै हुने निश्चित थियो । साथै एकातिर प्रतिगामीहरूले त्यसलाई लागू गर्न दिँदैनथे भने साम्राज्यवादी 'मित्र देशहरू' त्यसमा घुमाइफिराइ भाँजो हाल्थे ।

**स्रोतः चीनका प्रसिद्ध युद्ध र विद्रोहहरू**





दक्षिणपूर्वी एसियाली देश फिलिपिन्सको राजधानी मनिलास्थित अमेरिकी राजदूतावासअगाडि मध्यपूर्वको युद्ध अन्त्य गर्न माग गर्दै 'तेलको निम्ति रगत बगाउन छोड्' भन्ने नारा लगाउँदै प्रदर्शनरत युवाहरू मार्च २३, २०२६ का दिन । *तस्बिर : एपी/आरोन फाविला*

# लाओसको राष्ट्रपतिमा पुनः निर्वाचित भएकोमा सी चिनफिङद्वारा थोंगलुन सिसोलिथलाई बधाई सन्देश

पेइचिङ, ९ चैत (सीआरआई) । मार्च २३ तारिख चिनियाँ कम्युनिस्ट पार्टी केन्द्रीय समितिका महासचिव एवम् चीनका राष्ट्राध्यक्ष सी चिनफिङले लाओसको राष्ट्रपतिमा पुनः निर्वाचित भएकोमा थोंगलुन सिसौलिथलाई बधाई सन्देश पठाउनुभयो ।

सी चिनफिङले चीन र लाओस साझा भविष्य भएका समाजवादी मैत्रीपूर्ण छिमेकी हुन् र आफ्नो मुख्य हित र प्रमुख चासोसँग सम्बन्धित मुद्दाहरूमा एकअर्कालाई दृढतापूर्वक समर्थन गर्छन् भन्ने कुरा औँल्याउनुभयो । उहाँले भन्नुभयो,"सन् २०२६ चीन र लाओसबिच दौत्य सम्बन्ध स्थापनाको ६५ औँ वार्षिकोत्सव हो र यसलाई "चीन-लाओस मैत्री वर्ष" को रूपमा तोकिएको छ, जसको अवधिमा दुवै पक्षले उत्सव गतिविधिहरूको श्रृङ्खला आयोजना गर्नेछन् ।



सी चिनफिङले जोड दिनुभए अनुसार यो वर्ष चीनको १५ औँ पञ्चवर्षीय योजना र लाओसको १५ औँ पञ्चवर्षीय योजना दुवैको सुरुवात हो, दुवै देशहरू विकास र पुनरुत्थानको महत्त्वपूर्ण चरणमा छन्, र दुई पक्षहरू बिचको पारस्परिक रूपमा लाभदायक सहयोगले अझ व्यापक सम्भावनाहरू ल्याउँदैछ ।

राष्ट्राध्यक्ष सीले जोड दिनुभयो, "उहाँ दुई देशका पार्टीहरू, चीन र लाओसका देशहरू बिचको सम्बन्धको विकासलाई ठूलो महत्त्व दिँदै महासचिव थोंगलुन सिसौलिथसँग मिलेर साझा भविष्य भएको चीन-लाओस समुदायको निर्माणलाई उच्च स्तरमा प्रवर्द्धन गर्न, दुवै देशका जनतालाई राम्रो फाइदा पुऱ्याउन र क्षेत्रीय शान्ति र विकासमा थप योगदान पुऱ्याउन इच्छुक हुनुहुन्छ ।"

सोही दिन चीनका प्रधानमन्त्री ली छ्याङले लाओसको प्रधानमन्त्रीको रूपमा पुनः निर्वाचित भएकोमा सोमसेलाई बधाई सन्देश पठाउनुभयो, जसमा आदानप्रदान र सहयोगलाई सुदृढ पार्न र थप फलदायी परिणामहरू प्राप्त गर्न साझा भविष्य भएको चीन-लाओस समुदायको निर्माणलाई प्रवर्द्धन गर्न दुवै पक्षका विभिन्न विभाग र क्षेत्रहरूलाई संयुक्त रूपमा मार्गदर्शन गर्ने इच्छा व्यक्त गरिएको छ ।

# युरोपेली सङ्घकी प्रमुख अस्ट्रेलियामा, व्यापार सम्झौतामा जोड

सिड्नी, ९ चैत (एएफपी) । युरोपेली सङ्घकी प्रमुख उसुला फन डेर लेयन सोमबार अष्ट्रेलियामा पुगेकी छिन्, जहाँ वर्षौंदेखि वार्ता चलिरहेको स्वतन्त्र व्यापार सम्झौता टुङ्ग्याउने आशा राखिएको छ ।

यो फन डेर लेयनको अष्ट्रेलियाको पहिलो यात्रा हो, र यो यात्रा मध्यपूर्व युद्धले उत्पन्न ऊर्जा असुरक्षाको पृष्ठभूमिमा भएको छ ।

उहाँ सोमबार सिड्नीमा अष्ट्रेलियाको राज्य प्रमुखसँग भेट गर्न र पारम्परिक स्वागत समारोहमा भाग लिन पुग्नुभएको हो, त्यसपछि उहाँ क्यानबेरामा पुगेर प्रधानमन्त्रीसँग भेट्ने र संसदलाई सम्बोधन गर्ने अपेक्षा गरिएको छ ।

उहाँसँगै युरोपेली सङ्घका व्यापार आयुक्त पनि छन्, जसले लामो समयदेखि प्रतिक्षित स्वतन्त्र व्यापार सम्झौतामा अन्ततः हस्ताक्षर हुन सक्छ भन्ने अड्कलबाजीलाई गति दिएको छ ।

अष्ट्रेलियाले पहिले युरोपेली सवारीसाधनमा लगाइएको विलासितापूर्ण कर हटाउन सक्ने भनेको थियो । अष्ट्रेलियाको सबैभन्दा ठुलो निर्यात बजार चीन हो भने अमेरिकी लगानी सबैभन्दा ठुलो स्रोत हो । तर सन् २०२० मा बेइजिङसँगको विवाद र गत वर्षको अमेरिकी व्यापार करका कारण, क्यानबेराले कृषकहरूको लागि निर्यात बजार विविधिकरणमा जोड दिएको छ ।

युरोपेली सङ्घ अष्ट्रेलियाको तेस्रो ठुलो दुईतर्फी व्यापार साझेदार र विदेशी लगानीको दोस्रो ठुलो स्रोत हो ।

व्यापार मन्त्री डन फरेलले गत हप्ता युरोपेली सङ्घसँगको सम्झौताले पहिलो वर्षमा अष्ट्रेलियाको व्यापारमा १० अर्ब अष्ट्रेलियन डलर थप्ने बताउनुभएको छ ।

"यदि हामी यो सम्झौता टुङ्ग्याउन सफल भयौँ भने, उहाँहरू सम्भावित रूपमा हाम्रो दोस्रो ठुलो व्यापार साझेदार बन्न सक्दछन्," उहाँले भन्नुभयो ।


बैठकमा मध्यपूर्वको युद्ध पनि मुख्य मुद्दा हुनेछ, जसले तेलको मूल्य बढाएको छ ।

क्यानबेरामा, अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीका प्रमुख फतिह बिरोलले सोमबार यदि विवाद समाधान भएन भने विश्वले दशकौँमा नदेखेको ऊर्जा सङ्कटको सामना गर्न सक्ने बताउनुभयो ।

विदेशी इन्धनमा भारी निर्भर अष्ट्रेलियाले पनि विश्वव्यापी ऊर्जा सङ्कटको दबाब महसुस गरेको छ ।

ऊर्जा मन्त्री क्रिस बोवेनले सोमबार केही पेट्रोल पम्पमा इन्धन सकिएको भए पनि देश हालको अवस्थामा वितरण सीमामा नभएको बताउनुभयो ।


## हार्दिक समवेदना



जन्म : १९९७।१२।२४
निधन : २०८२।१२।०१

यस समितिका सदस्य भैलबहादुर वनमालाका ममतामयी काकी आमा **मैया वनमाला**को दुःखद निधन भएको आज दसौँ दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**नेपाल क्रान्तिकारी किसान सङ्घ, भनपा-७**
**वाँचुत्व, खँचा, भेगीय समिति**


## सङ्क्षिप्त समाचार

### हर्मुज क्षेत्रमा जहाज आवागमन जारी

तेहरान, ९ चैत (सिन्ह्वा) । इरानले हर्मुज क्षेत्र अवरुद्ध नभएको र त्यहाँ जहाज आवागमन जारी रहेको जनाएको छ । आइतबार इरानको विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा युद्धसम्बन्धी अवस्थाका कारण आवश्यक सुरक्षा उपायहरू अपनाइएको उल्लेख गरिएको छ ।

विदेश मन्त्रालयले हर्मुज क्षेत्रमा जहाज सञ्चालन स्वतन्त्रता र समुद्री सुरक्षालाई सधैं सम्मान गर्दै आएको बताएको छ । पछिल्लो समय संयुक्त राज्य अमेरिका र इजरायलद्वारा गरिएका सैन्य आक्रमणका कारण खाडी क्षेत्र र हर्मुज क्षेत्रमा जोखिमपूर्ण अवस्था सिर्जना भएको दाबी गरिएको छ ।

इरानले आफ्नो आत्मरक्षाको अधिकार प्रयोग गर्दै आक्रमणकारीविरुद्ध कदम चालिएको जनाएको छ । यस क्रममा उसले अमेरिकी सैन्य अड्डा तथा संरचनाहरूलाई लक्षित गरी आक्रमण गरेको पनि उल्लेख गरेको छ ।

विज्ञप्तिअनुसार, आक्रमणमा संलग्न वा समर्थन गर्ने देशका जहाजहरूलाई हर्मुज क्षेत्र पार गर्न रोक लगाइएको छ । तर अन्य देशका गैर-शत्रुतापूर्ण जहाजहरूले इरानी निकायसँग समन्वय गरी सुरक्षित रूपमा आवागमन गर्न सक्ने जनाइएको छ, यदि उनीहरूले इरानविरुद्धको गतिविधिमा सहभागिता जनाएका छैनन् भने ।इरानले उक्त क्षेत्रमा दीगो शान्ति र स्थायित्व कायम गर्न बाह्‍य सैन्य आक्रमण अन्त्य हुनु आवश्यक रहेको जोड दिएको छ । साथै, अमेरिका र इजरायलका गतिविधि रोक्नुपर्ने र इरानका वैध हितहरूको सम्मान हुनुपर्ने बताइएको छ ।

यसअघि इजरायल र अमेरिकाले संयुक्त रूपमा तेहरानसहित इरानका विभिन्न सहरहरूमा आक्रमण गरेका थिए । उक्त आक्रमणमा इरानका तत्कालीन सर्वोच्च नेता अली खामेनीसहित उच्च सैन्य अधिकारी र सर्वसाधारणको मृत्यु भएको थियो । त्यसपछि इरानले इजरायल र मध्यपूर्वस्थित अमेरिकी आधारहरूमा मिसाइल तथा ड्रोन आक्रमण गरी प्रतिक्रिया दिएको थियो ।

### मूल्यवृद्धि बढ्दा सिङ्गापुरको मुख्य मुद्रास्फीति १.४ प्रतिशत

सिङ्गापुर,९ चैत (सिन्ह्वा) । सिङ्गापुरमा फेब्रुअरी महिनामा मुख्य मुद्रास्फीति दर वार्षिक आधारमा बढेर १ दशमलव ४ प्रतिशत पुगेको छ, जुन जनवरी महिनाको १ प्रतिशतभन्दा उच्च हो । सोमबार सार्वजनिक गरिएको आधिकारिक विवरणअनुसार यस वृद्धिको प्रमुख कारण सेवा क्षेत्र, खाद्य पदार्थ तथा खुद्रा वस्तुहरूको मूल्यमा आएको वृद्धि हो, जसमा विशेषगरी चिनियाँ नयाँ वर्षसँग सम्बन्धित मौसमी प्रभावले पनि योगदान दिएको बताइएको छ । व्यापार तथा उद्योग मन्त्रालय र सिङ्गापुरको मौद्रिक प्राधिकरणले संयुक्त रूपमा जारी गरेको वक्तव्यमा उपभोक्ता मूल्य सूचकाङ्क मासिक आधारमा पनि शून्य दशमलव ५ प्रतिशतले बढेको उल्लेख गरिएको छ, जसले आन्तरिक मागबाट उत्पन्न हुने मुद्रास्फीतिको दबाबलाई सङ्केत गर्दछ ।

आवास र निजी यातायात खर्चलाई समावेश नगर्ने मुख्य उपभोक्ता मूल्य सूचकाङ्कलाई अर्थतन्त्रमा वास्तविक मूल्यवृद्धि मापन गर्ने महत्त्वपूर्ण सूचकका रूपमा लिने गरिन्छ । यद्यपि, समग्र मुद्रास्फीति दर भने फेब्रुअरीमा घटेर १ दशमलव २ प्रतिशतमा झरेको छ, जुन जनवरीमा १ दशमलव ४ प्रतिशत रहेको थियो । यसले केही क्षेत्रमा मूल्यवृद्धि बढे पनि समग्र अर्थतन्त्रमा मुद्रास्फीतिको दबाब पूर्ण रूपमा तीव्र नभएको सङ्केत गर्दछ ।

### अस्ट्रेलिया र सिङ्गापुर ऊर्जा आपूर्ति सहज बनाउन सहमत

सिड्नी, ९ चैत (एएफपी) । अष्ट्रेलिया र सिङ्गापुरले तेल, डिजेललगायतका इन्धनको सहज आपूर्ति सुनिश्चितमा सहयोग गर्न सोमबार सहमति जनाएका छन् । यी देशहरूले पछिल्लो समय मध्यपूर्व युद्धको कारण विश्वव्यापी रूपमा उर्जा सङ्कटको सामना गरिरहेका छन् । संयुक्त राज्य अमेरिका, इजरायल र इरानबिचको युद्ध होर्मुज वरपर केन्द्रित भएको कारण विश्वव्यापी तेलको मूल्य बढेको छ, जहाँबाट विश्वको तेल र ग्याँसको लगभग २० प्रतिशत ढुवानी हुन्थ्यो । संयुक्त विज्ञप्ति जारी गर्दै अस्ट्रेलिया र सिङ्गापुरले सोमबार मध्य पूर्वको अवस्था र आफ्नो क्षेत्रका लागि यसको प्रभावका विषयमा गहिरो चिन्ता दर्शाएका छन् । ऊर्जा आपूतिलाई सहज र बलियो बनाउन मिलेर काम गर्न प्रतिबद्ध रहेको उनीहरूले बताएका छन् ।

उनीहरू ऊर्जा सुरक्षालाई सुदृढ पार्न, पेट्रोलियम पदार्थका साथै प्राकृतिक ग्यासलगायत आवश्यक वस्तुहरूको प्रवाहलाई समर्थन गर्न सहमत भएका छन् ।

हाल अस्ट्रेलियामा पेट्रोलको मूल्य बढेको छ भने अधिकारीहरूले उच्च मूल्यवृद्धिका कारण बासिन्दाहरूलाई अत्यावश्यक सामान मात्र किन्न आह्वान गरेका छन् ।

### न्युयोर्कमा विमान दुर्घटना, उडानहरू प्रभावित

न्यूयोक, ९ चैत (एएफपी) । सोमबार बिहान न्यूयोर्कको लागार्डिया विमानस्थलमा एक विमान रनवेमा ठोक्किँदा विमानस्थलका उडानहरू रद्द भएका छन् । एयर क्यानाडा एक्सप्रेसको यात्रुवाहक जहाज माउन्ट्रियलबाट उत्रँदै गर्दा रनवेमा रहेको गाडीमा ठक्कर दिएको बताइएको छ । विमानको अगाडिको भाग र ककपिट क्षेत्र गम्भीर रूपमा क्षतिग्रस्त भएको दृश्यहरू सामाजिक सञ्जालमा देखा परेका छन् भने उद्धार र आपत्कालीन सेवाहरूले घटनास्थलमा सक्रिय प्रतिक्रिया जनाएका छन् । संयुक्त राज्य नागरिक उड्डयन प्रशासनले सम्पूर्ण उडानहरूमा ग्राउन्ड स्टप जारी गरेको छ र स्थानीय आपत्कालीन प्राधिकरणले यात्रु तथा यातायातमा रद्द र ढिलाइ हुने चेतावनी दिएको छ ।

अहिलेसम्म यस दुर्घटनामा कति घाइते भएका छन् भन्ने आधिकारिक पुष्टि नभएको छ र घटनाको जाँच जारी रहेको अधिकारीहरूले जनाएका छन् ।

# तिब्बतद्वारा ६७ वर्षमा जनताको शासनको नयाँ अध्याय लेखिएको

ल्हासामा मार्च महिनाको घाम चहकिलो छ। ६७ वर्षअघि मार्च महिनामा नै हिमाली भेगमा एक व्यापक लोकतान्त्रिक सुधारको सुरुआत भएको थियो, जसले लाखौँ भूदासलाई हजारौँ वर्ष पुरानो बन्धनबाट मुक्त गरायो। उनीहरू पहिलोपटक आफ्ना र यस भूभागका साँचो मालिक बने। ६७ वर्ष बितिसक्दा, सिचाङ (तिब्बत) को अग्ला भवन र परिवार एस्टेटको तल्लो तलाको भैँडाको खोरमा बस्थ्यो। "राति सुत्दा धेरै चिलाउँथ्यो, पेटभरि खान पाइँदैनथ्यो।" लोकतान्त्रिक सुधारपछि, सेटेनको परिवारले १२ मु जमिन, पशुधन र साँचो आवास पायो। आज, उनी प्रशस्त दुईतले तिब्बती शैलीको घरमा बस्छन्। पेन्सन र चिकित्सा बीमाको आनन्द लिएका छन्, उनको जीवन 'तिब्बती मीठो चियाजस्तै छ। सन् २०२५ मा सिचाङ स्वायत्त प्रदेशीय जनकाङ्ग्रेस स्थायी समितिले कानुन निर्माण प्रक्रियामा सबै पक्षबाट २३२८ वटा सुझाव सङ्कलन गर्यो र जारी गरिएको प्रत्येक कानुन 'जनमतले भरिएको र तापक्रमयुक्त' छ। ल्हासामा तल्लो तहको कानुन निर्माण सम्पर्क केन्द्रले सुझाव सिधै राष्ट्रिय जनकाङ्ग्रेस स्थायी समितिमा पठाउँछ। ल्हासा समितिको कानुन निर्माण, निरीक्षण आदि कार्यमा सहभागी भए। ३६७ वटा प्रतिनिधि सुझाव सबै कार्यान्वयन गरियो र जवाफ दिइयो। ग्रामीण ढल प्रशोधनदेखि खाद्य सुरक्षा नियमनसम्म, जनताका विभिन्न तत्काल र कठिन समस्या प्रतिनिधिको पहलमा समाधान गरिएका छन्। लिन्ची सहरको उद्योग वाणिज्य महासङ्घमा आयोजित एक सुदृढीकरण, सीमान्त क्षेत्र समृद्धि र जनता सशक्तीकरणमार्फत प्रदर्शन क्षेत्र सिर्जना नियम' पारित गर्यो। चिनियाँ सिचाङ विज्ञान अनुसन्धान केन्द्रका विद्वान्का अनुसार, सिचाङलाई कानुनअनुसार समग्र रूपमा शासन गर्नुले "कानुनद्वारा शासनको सोच र विधिलाई स्थिरता, विकास, पारिस्थितिकी र सीमा सुदृढीकरणको सम्पूर्ण प्रक्रिया र सबै शक्तिशाली जीवन शक्ति र उल्लेखनीय श्रेष्ठतालाई केन्द्रित रूपमा प्रदर्शन गरेको छ।"

आज, जब वृद्ध सेटेन घामले भरिएको आफ्नो नयाँ घरमा बस्छन्, जब ल्हासा उपत्यकाका किसान गाउँ सभामा वसन्त रोपाइँका लागि तीव्र छलफल गर्छन्, जब नाग्छुका गोठालाहरू मोबाइल फोनमार्फत तल्लो तहको






सडकमा मात्र देखिँदैन, राजनीतिक प्रणाली र लोकतान्त्रिक अभ्यासमा समेत गहिरो रूपमा अङ्कित छ – जनताद्वारा शासन, एउटा गम्भीर वाचा तिब्बती परिवारका दैनिक जीवनको वास्तविक अनुभव बनेको छ।

शाननानको छोङग्ये जिल्लाको जाशी गाउँमा, ८० वर्षीय वृद्ध सेटेन प्रायः आगन्तुकलाई आफ्नो कथा सुनाउँछन्। सन् १९४६ मा जन्मेका उनी एकपटक फ्येन्छो एस्टेटमा सबैभन्दा तल्लो स्तरका भूदास थिए। उनको मीठो' छ।

वृद्ध सेटेनको भाग्यको परिवर्तन नै सिचाङको राजनीतिक प्रणाली परिवर्तनको सबैभन्दा जीवन्त व्याख्या हो। विगतका भूदास र तिनका सन्तानहरूले अब आवास र जमिनमात्र पाएका छैनन्, राज्य मामिलामा भाग लिने अधिकार पनि पाएका छन्। सिचाङमा सेटेनजस्ता सामान्य जनता विभिन्न माध्यमबाट सामाजिक शासनमा भाग लिइरहेका छन्।

यो सहभागिता वास्तविक र मूर्त नागरिकका ५ वटा सुझाव स्वीकार गरिएका छन्। यो अभ्यासले जनकाङ्ग्रेसको कामले जनतासँग छलफल गर्ने, जनताको हितमा छलफल गर्ने र प्रतिनिधिको आवाज सिधै निर्णय तहमा पुऱ्याउने कार्य अभिमुखीकरणलाई पूर्ण रूपमा प्रतिबिम्बित गर्दछ।

लोकतन्त्रको जीवन्तता सम्पूर्ण क्षेत्रमा फैलिएका 'जनप्रतिनिधिको घर' र 'प्रतिनिधि सम्पर्क केन्द्र' मा पनि झल्किन्छ। गत वर्ष, स्वायत्त प्रदेशीय जनप्रतिनिधिहरू २३३ पटक स्थायी वृक्षरोपण कार्यक्रममा अधिकारीहरूले 'पुरानो र नयाँको तुलना र वरपरको विकास परिवर्तन' मार्फत निजी आर्थिक व्यक्तित्वलाई लोकतान्त्रिक सुधारको ऐतिहासिक प्रक्षेपण बताए र सबैलाई इतिहास सम्झन र कृतज्ञतापूर्वक अग्रसर हुन मार्गदर्शन गरे।

कानुनद्वारा शासनको पाइला पनि उत्तिकै दृढ छ। सन् २०२५ मा सिचाङले अग्रणी रूपमा 'छिङहाई-सिचाङ पठार पारिस्थितिक संरक्षण ऐन कार्यान्वयन विधि' बनायो र 'सीमा क्षेत्रमा एकीकृत गर्दछ। प्रणालीगत लाभलाई सीमान्त शासन प्रभावकारितामा वास्तविक रूपमा रूपान्तरण गर्दछ।"

भैँडाको खोरदेखि सभा भवनसम्म, भूदासदेखि मालिकसम्म - ६७ वर्षमा, सिचाङले अभ्यासद्वारा समाजवादी लोकतान्त्रिक राजनीतिको जीवन्त शक्ति प्रमाणित गरेको छ। राष्ट्रिय जनकाङ्ग्रेस स्थायी समितिका उपाध्यक्ष लोसाङ च्याङ्चुनले भन्नुभएझैँ, हिमाली भेगमा जनकाङ्ग्रेसको कार्यको अभ्यासले "जनप्रतिनिधिको महासभा प्रणालीको मामिलामा मतदान गर्छन् – हामी एउटा साँचो अर्थमा 'आकाश र भूमि उल्टिएको' सिचाङ (तिब्बत) देख्छौँ : भौतिक जीवनको भीमकाय परिवर्तनमात्र होइन, एउटा राष्ट्र उत्पीडनबाट देशको मालिक बन्ने, मौनताबाट आवाज उठाउने गहिरो राजनीतिक क्रान्तिसम्म।

आकाशबाट सबैभन्दा नजिकको यस भूभागमा, लोकतन्त्रको बीउले जरा गाडिसकेको छ, र फक्रिएर रमणीय फूल फुलाएको छ।

- ***सीआरआई***

# के प्राविधिक शासनले नै सामाजिक खाडल मेटिन सक्छ ?

✍ **निश्चला महर्जन**

नेपालमा हालै सम्पन्न निर्वाचनपछि यहाँको राजनीतिक वृत्तमा निर्वाचित जनप्रतिनिधिहरूको शैक्षिक र व्यावसायिक योग्यताका बारेमा व्यापक बहस सुरु भएको छ। विशेषगरी युवावर्गले मन्त्री र सांसदहरू सम्बन्धित क्षेत्रका विज्ञ र शिक्षित हुनुपर्ने माग गर्दै 'प्राविधिक शासन' (Technocratic Governance) को पक्षमा वकालत गरिरहेका छन्। तर, यस मागले एउटा महत्त्वपूर्ण दार्शनिक प्रश्न खडा गर्छ : के प्राविधिक वा आर्थिक ज्ञानमात्र प्रभावकारी शासनका लागि पर्याप्त हुन्छ ? आजको पुँजीवादी युगमा अर्थतन्त्र एक निर्णायक शक्ति भए तापनि राष्ट्र आर्थिक एकाइमात्र होइन। शासन पद्धति अन्ततः वैचारिक हुन्छ; राज्यले अवलम्बन गर्ने कुनै पनि आर्थिक प्रणाली निश्चित सामाजिक-राजनीतिक दर्शनको उपज हुन्छ। त्यसैले, कुनै पनि नेताको दृष्टिकोणले सामाजिक ज्ञान, सीमान्तीकरण र शक्तिको संरचनालाई कसरी बुझेको छ भन्ने विश्लेषण गर्नु जरुरी हुन्छ।

**बालेन शाहको उदय : प्रति-संस्कृतिदेखि कार्यकारी शक्तिसम्म**

नेपालको आगामी प्रधानमन्त्री बन्दै गरेका बालेन शाह नेपाली राजनीतिक परिदृश्यमा एक फरक धारका रूपमा उभिएका छन्। एक सङ्गीतकर्मी (र्‍यापर) का रूपमा सार्वजनिक व्यक्तित्व निर्माण गरेका उनले आफ्नो प्रस्तुतिमार्फत प्रचलित शासन व्यवस्था, वर्गीय विभेद र राज्यको 'बुर्जुवा' चरित्रको तीखो आलोचना गरे। उनका सुरुवाती अभिव्यक्तिहरूमा वामपन्थी आदर्श झल्किने विचार र वर्गीय संरचना भत्काउने प्रतिबद्धता झल्किन्थ्यो। सन् २०२२ को स्थानीय निर्वाचनमा काठमाडौँ महानगरको मेयरका रूपमा उनको अभूतपूर्व र अविश्वसनीय विजयले राजनीतिमा स्थापित हुन कुनै दलगत आबद्धता वा राजनीतिक विरासत आवश्यक छैन भन्ने भाष्य निर्माण गरिदियो।

यद्यपि, उनको मेयर-कार्यकालका कतिपय क्रियाकलापहरूले उनको 'फरकधार' को गीत र प्रशासनिक कार्यबिचको विरोधाभासलाई छताछुल्ल पारेको छ। विशेषगरी वाग्मती नदी किनारका सुकुमवासी बस्ती हटाउने उनको कदममा यो स्पष्ट देखिन्छ। प्रशासनले यसलाई विपद् व्यवस्थापन र वातावरणीय आवश्यकताका आधारमा पुष्टि गर्न खोजे पनि यसले न्यायको सिद्धान्तमाथि प्रश्न उठाएको छ। विद्वान्हरू यसलाई 'स्थानिक शुद्धीकरण' (Spatial Cleansing) को संज्ञा दिने गर्छन्। यसमा न्याय र समताको सिद्धान्तलाई खासै वास्ता गरिन्न बरु समाजका अति विपन्न वर्गलाई विस्थापित गरेर सहरलाई 'चम्किलो' र 'विकसित' देखाउने प्रयास गरिन्छ। पक्कै पनि सुकुमवासी बस्तीमा बसेका मानिसहरू सबै नै घरबारबिहीनहरू नहोलान्। केही विश्लेषकहरू के भन्ने गर्छन् भने काठमाडौँको वाग्मती नदी किनारामा बस्नेहरूको ठुलो हिस्सा सुकुमवासीहरूको नभई राजनीतिक पार्टीहरूले आफ्नो भोट बैङ्कको रूपमा प्रयोग गर्ने अन्यत्र घरबार भएकाहरूको रहेको छ। तसर्थ, मेयरको हैसियतले बालेनले त्यो बस्ती हटाउन जुन कदम उठाए त्यो ठीक छ भन्ने तर्क उनीहरू गर्छन्। तर, यस्तो तर्क गर्नेहरूले कुनै आधिकारिक प्रमाण भने दिँदैनन्।

**विकासको 'सौन्दर्यशास्त्र' र सीमान्तीकरणको तुलना**

काठमाडौँको यो वर्तमान प्रवृत्ति सन् २००० को सिड्नी ओलम्पिकको समयमा देखिएको नीतिसँग मेल खान्छ। त्यतिबेला सिड्नी काउन्सिलले सडक किनारामा राख्ने गरिएका मेच-कुर्सीहरूलाई जानाजानी असजिलो बनाइदिएको थियो ताकि घरबारविहीन मानिसहरू त्यहाँ सुत्न नसकून्। यो गरिबीको जडलाई सम्बोधन गर्नुको साटो समृद्धि प्रदर्शन गर्ने एक 'कस्मेटिक' कार्य मात्र थियो।

नेपालको सन्दर्भमा यसले बालेनको अन्तर्निहित विचारधारामाथि प्रश्न उठाउँछ। के उनले सीमान्तकृत जनसङ्ख्यालाई पहिचान र आत्मनिर्णयको अधिकार भएका नागरिकका रूपमा हेर्छन् वा आधुनिक सहरी सौन्दर्यका लागि बाधक तत्त्वका रूपमा ? नेपालको सामाजिक संरचना जातजाति, संस्कृति र वर्गको जटिल अन्तरसम्बन्धले बनेको छ। भूमिहीनता र गरिबीका संरचनात्मक कारणहरूलाई सम्बोधन नगरी 'बलपूर्वक विस्थापन' जस्ता कामचलाउ समाधान खोज्नुले दीर्घकालीन अस्थिरता निम्त्याउने जोखिम रहन्छ।

**प्रतीकात्मक शक्ति र फुकोको दृष्टिकोण**

यसलाई अझ गहिराइबाट बुझ्न फ्रान्सेली दार्शनिक तथा इतिहासकार मिसेल फुकोको 'प्रतीकात्मक शक्ति' (Symbolic Power) को अवधारणा प्रयोग गर्न सकिन्छ। फुकोका अनुसार शक्ति भौतिक वा दमनकारी मात्र हुँदैन, यो 'सत्य' को बुझाइ निर्माण गर्ने भाष्यहरूमा निहित हुन्छ। नेपालमा प्रतीकात्मक शक्ति प्रायः गरेर औपचारिक शिक्षा र व्यावसायिक पदवीमार्फत प्रकट हुन्छ। त्यसले निश्चित व्यक्तिहरूलाई मात्र सामाजिक वैधता र अधिकार प्रदान गर्छ।

तर, शिक्षामा पहुँचको विषय ऐतिहासिक र संरचनात्मक रूपमा सामाजिक-आर्थिक विशेषाधिकारसँग जोडिएको हुन्छ। जब शिक्षित नेतृत्वले आफ्नो यस प्रतीकात्मक शक्तिको सीमा बुझ्दैन, उनीहरूमा 'मुक्तिदाताको भ्रम' (Savior Complex) हाबी हुने डर हुन्छ। यसले गर्दा विशेषज्ञताका नाममा यस्ता नीतिहरू बन्छन् जो बाहिरबाट हेर्दा परोपकारी देखिए पनि भित्रबाट दमनकारी हुन्छन्। यसको ऐतिहासिक उदाहरण अस्ट्रेलियाको 'स्टोलन जेनेरेसन' (Stolen Generations) लाई लिन सकिन्छ। त्यसमा राज्यले 'विज्ञता' र 'सभ्य बनाउने' नाममा आदिवासी बालबालिकाहरूलाई परिवारबाट जबरजस्ती अलग गरेको थियो।

**निरोसँगको तुलना : भौतिक विकास कि सामाजिक विनाश ?**

यस्तो नेतृत्व शैलीलाई रोमन सम्राट निरोसँग पनि तुलना गर्न सकिन्छ। इतिहासमा निरोलाई तानाशाहका रूपमा चिनिए तापनि उनी सहरी वास्तुकलाका दूरदर्शी थिए भनेर मानिन्छ। सन् ६४ को भीषण आगलागीपछि उनले रोमन सहरहरूलाई फराकिलो सडक, अग्नि सुरक्षा र भव्य भवनहरूसहित पुनर्संरचना गर्ने अवसरका रूपमा लिए। कतिपय इतिहासकारहरू के विश्वास गर्छन् भने पुरानो भौतिक संरचना नष्ट गरी नयाँ र सुन्दर सहर निर्माण गर्नका लागि नै निरो स्वयंले नै रोम सहर जलाएका थिए। तर प्रश्न उठ्छ- त्यो विकास कसका लागि थियो ? निरोको त्यो भव्य भिजनले पहिलेदेखि नै घरबारका लागि सङ्घर्ष गरिरहेका सामान्य नागरिकलाई विस्थापित गऱ्यो र राज्यमा ठुलो आर्थिक भार थप्यो, जसले अन्ततः रोम साम्राज्यकै पतन निम्त्यायो।

विश्वका धनी पुँजीवादी देशहरूमा लेखपढ गरी हुर्केका नेताहरू पनि भौतिक संरचनाको झकिझकाउलाई नै विकासको एकमात्र मापदण्ड मान्ने भ्रममा पर्न सक्छन्। तर, जब्बर प्रश्न के हो भने- के सामाजिक खाडलहरूलाई नयाँ पर्खालले छोप्दैमा सहर 'राम्रो' हुन्छ ?

**करिश्माभन्दा माथिको सोच**

नेपालको राजनीतिक भविष्यका लागि हामीले भ्रष्टाचार अन्त्य गर्ने र 'सुन्दर जीवन' दिने आश्वासन बाँड्ने करिश्मा नेताहरूभन्दा माथि उठेर सोच्नुपर्छ। के भौतिक विकास मात्रै नेपालका गहिरा सामाजिक र आर्थिक असमानताहरू हटाउन पर्याप्त छ ? के आगामी सरकारले सीमान्तकृत नागरिकलाई दयाको पात्र मान्ने छ वा आफ्नै पहिचानमा अधिकार राख्ने सरोकारवाला ? एउटा पक्का कुरा के हो भने- सामाजिक दर्शन र संरचनात्मक शक्तिको बुझाइबिनाको शासन पद्धतिले नेपालका विपन्न वर्गलाई झन् पछि पार्ने 'सौन्दर्यात्मक मुखौटा' मात्र तयार गर्नेछ।

## विचाः हायका



बु दिं
नेसं.१०५३ यंलागाः, पञ्चमी

मदुगु दिं
नेसं.११४६
चौलाथ्व, द्वितीया

**बालकुमारी महर्जन**

थ्व समितिया दुजः जगत महर्जनया मां **बालकुमारी महर्जन** मदुगुलिं वय्कया आत्माया चिरशान्तिया कामना यासें दुःखंकःपिं सकलें छेँजः पिसं थुगु दुःखया इलय् नुगलय् कःगु घाः सह याये फयेमा धकाः विचाः हायका च्वना ।

**नेपाल क्रान्तिकारी किसान संघ**
**ललितपुर जिल्ला समिति**

## हार्दिक समवेदना



जन्म
१९९०/०५/१५

निधन
२०८२/११/२७

भक्तपुर नगरपालिका ६ नं. वडा समितिका वडा सदस्य सीतादेवी नेपालीका पूजनीय बुबा **खडकेबहादुर गाइने**को असामयिक निधन भएकोमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस दुःखद घडीमा शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**भक्तपुर नगरपालिका**

# लघु उद्यम विकास कार्यक्रम (मेडपा) अन्तर्गत उद्यमशीलता विकास तालिम आजबाट सुरु

भक्तपुर, ९ चैत । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले उद्यमशील हुनु भनेको आत्मनिर्भर, मेहेनती र स्वाभिमान हुनु हो भन्दै हातमा सीप भएको व्यक्तिले कसैको सामु झुक्नुपर्ने अवस्था आउँदैन र कहिल्यै भोको बस्नुपर्दैन भन्नुभयो ।

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) अन्तर्गत उद्यमशीलता विकास तालिमको शुभारम्भ कार्यक्रममा सोमबार बोल्दै उहाँले भक्तपुर नगरपालिकाले नगरवासीहरूलाई सस्तो र सुलभ शिक्षा र स्वास्थ्य सेवा दिँदै युवालाई स्वरोजगार बनाउन विभिन्न तालिमहरू प्रदान गर्दै आएको बताउनुभयो ।




युवाहरूलाई शिक्षा र रोजगारीको सुनिश्चितता दिन सके युवा बिदेसिने क्रम केही हदसम्म रोकिने बताउँदै उहाँले नपाले युवा लक्षित तालिमहरू सञ्चालनमा जोड दिँदै जाने बताउनुभयो ।

भक्तपुर नपाले मौलिक सीप तथा अभौतिक सम्पदाहरूलाई अन्तर्राष्ट्रियकरण गर्ने प्रक्रियामा अगाडि बढिरहेको बताउँदै प्रमुख प्रजापतिले देशको भविष्य युवाहरूमा निर्भर भएकोले युवाहरूलाई स्वदेशलाई रोजगारीको बन्दोबस्त गरिनुपर्ने बताउनुभयो ।

भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले नेपालमै केही गर्छु भन्नेहरूको पनि मेडपा कार्यक्रमले सहयोगी भूमिका खेल्ने बताउँदै नयाँ भविष्य निर्माण गर्ने खालको उद्यमशीलता विकास गर्न आवश्यक भएको बताउनुभयो ।

कार्यपालिका सदस्य रोशनमैँया सुवालले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै तालिमले उद्यमशीलता विकास गर्ने सीप प्रदान गर्नुका साथै उद्यमी कसरी बन्ने भन्ने विषयमा प्रशिक्षित गर्ने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपा लघु उद्यम विकास कार्यक्रमका गीताकुमारी कोइरालाले पनि बोल्नुभएको थियो ।

# राजनीतिक र प्रशासनिक संयन्त्र के हो ?

राजनीतिक संयन्त्र र प्रशासनयन्त्रजस्ता शब्दहरूबारे पुँजीवादी साहित्यमा प्रस्टरूपले उदाहरण दिएको देखिन्छ । तर, राजनीतिशास्त्र र प्रशासनिक बन्दोबस्तबारे सामान्यरूपमा मात्र उल्लेख गरेको पाइन्छ । सारमा, यसको आसय बोक्रे कुरामात्र देखाएर वर्गीय दृष्टिकोणलाई लुकाउनु हो ।

स्वतन्त्र भएका देशहरूका समस्या समाधानका स-साना विषयबाट धेरै कुरा थाहा हुन्छ । नवस्वतन्त्र देशले राष्ट्रपति, प्रधानमन्त्री र मन्त्रीहरूको बन्दोबस्तबारे नयाँ तरिकाले घोषणा गरेको हुन्छ । तर, विदेशी राजदूतहरूसँग भेट्ने, भेट्दा के भन्ने र भेट्ने कोठाहरूमा सामान कसरी बन्दोबस्त गर्ने; को-कहाँ बस्ने भन्ने कुरा नयाँ राष्ट्रपतिलाई थाहा हुँदैन । सत्कारको व्यवहार, मेच-टेबुल सजाउने, पाहुनालाई सत्कार गर्दाको पहिरनलगायतको व्यवस्थामा पुराना शासनकै कर्मचारी वा उपनिवेशवादी देशकै व्यक्तिहरूबाट सिकेका धेरै उदाहरण छन् ।

बेलायतले आन्दोलनबाट स्वतन्त्र भएका देशका राष्ट्रपति र प्रधानमन्त्रीहरूलाई मन्त्रिमण्डलको बैठक कसरी बस्ने कागजातको बन्दोबस्त कसरी गर्ने; कुन-कुन पदाधिकारीले के-कसरी काम गर्ने भन्नेबारे पनि सल्लाह दिएर नियमावलीजस्तै बनाइदिने गर्यो ।

नयाँ मोटर-मालिकले साधन पाउनासाथै सवारी हाँक्न जानेको हुँदैन बरु हाँक्ने कला आफै सिक्नुपर्ने र मोटरका मुख्य मुख्य अङ्ग वा पार्टपुर्जाबारे जानकारी लिनुपर्ने हुन्छ । साइकल, मोटरसाइकल, कार, ट्रक वा 'पहेँला गाडी' र हवाईजहाज चलाउन केही दिन महिना या वर्ष लागेजस्तै देशको राजनीतिक बन्दोबस्त गर्न एवम् प्रशासनयन्त्र चलाउन पनि केही महिना वा वर्ष अवश्य लाग्ला । यसकारण, उपनिवेशवादी देशले स्वतन्त्रता दिएको देशमा केही प्रशासकहरू पठाएर परीक्षण, जानकारी र सल्लाह दिइआएको गुप्त विषय होइन ।

उपनिवेशवादीहरू पनि फरक-फरक ढङ्गले आ-आफ्नो शासन गर्छन् । बेलायत, फ्रान्स, पोर्चुगाली, स्पेनियाली, बेल्जिमेली, अमेरिकीहरूको आ-आफ्नै शैली छ । तिनीहरूको एउटा विषयमा समानता छ, आ-आफ्नो भाषा, साहित्य र संस्कृति (धर्म) बाट ती देशका प्रशासकहरूलाई प्रभाव पार्नु । तर, तीमध्ये जापानीहरूले त उपनिवेशका जनताको नामसमेत जापानी भाषामा राख्न दबाब दिन्थे । क्रुरतामा धेरै समानता भए पनि अमेरिकीहरू बढी आक्रामक हुन्छन् र अमेरिकी उपनिवेशहरूमा बढी विद्रोह एवम् हत्या-हिंसा हुन्छ । बेलायतीहरूले आफ्नो उपनिवेशमा अङ्ग्रेजी भाषा, साहित्य र संस्कृतिमा ध्यान दिएका हुनाले ती देशका माथिल्ला वर्ग, कर्मचारी वा प्रशासकहरू अङ्ग्रेजी भाषा, साहित्य र लवाइखवाइमा समेत अङ्ग्रेजहरूकै नक्कल गर्छन् । त्यसको एउटा सटिक उदाहरण भारत हो ।

भारत बेलायती उपनिवेशबाट सन् १९४७ मा स्वतन्त्र भयो । तर, स्वतन्त्र भएको लामो वर्षपछि पनि भारतीय शासकवर्ग, माथिल्ला प्रशासनका कर्मचारी र दक्षिणपन्थीहरूमा बेलायतीहरूको प्रभाव 'जबरजस्त' छ । प्रशासनमा बेलायतको प्रत्यक्ष प्रभाव नदेखिए पनि आजसम्म उपनिवेशकालमा अन्य छिमेकी देशहरूमाथि बेलायती उपनिवेशवादीहरूले गरेका सन्धि-सम्झौता, सीमा विवाद, व्यापार आदि यथावत राख्न सेना प्रयोग र युद्धसमेत गर्नु बेलायती सिकाइ हो भन्न अप्ठेरो मान्नुपर्दैन । पूर्वी बङ्गाल, सिक्किम, श्रीलङ्काको २० वर्षे तामिल-युद्ध, नेपालको १० वर्षे गृहयुद्ध यसका उदाहरण हुन् ।

***स्रोत : 'श्रमिक' साप्ताहिक***

## हार्दिक श्रद्धाञ्जली



जन्म
१९९४/०८/१०

निधन
२०८२/१२/०७

**ज्ञानीमाया महर्जन**

यस समितिका सदस्य चन्द्रबहादुर महर्जनकी ममतामयी आमा **ज्ञानीमाया महर्जन**को २०८२ चैत ७ गते दुःखद निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौँ ।

**नेपाल क्रान्तिकारी किसान संघ**
**ललितपुर जिल्ला समिति**


***इरानमाथिको...***


जनतालाई दिग्भ्रमित पार्ने गरेको स्पष्ट पार्नुभयो ।

नेमकिपा बर्दिया जिल्ला समितिका अध्यक्ष हरिलाल न्यौपानेले हाहा र हुहु गरी हावाको भरमा आएको राजनीतिक शक्ति स्थिर नहुने दाबी गर्दै आफ्नो सिद्धान्तमा अडिग हुने जनताले मात्र देश जोगाउन सक्छ भन्नुभयो ।

बैठकमा धर्मराज जैसी आचार्य, सावित्री थापा, थिरबहादुर ओली, पार्वती विष्ट, दिल्ली खड्का, मनबहादुर केसीलगायतले नेमकिपाको नीति र नेतृत्वबारे जनताको अत्यन्त सकारात्मक प्रतिक्रिया पाएको बताउनुभयो ।


**सिद्धि गणेश कर्नर** हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।

**ज्येष्ठ सदस्य सम्मान कार्यक्रमसम्बन्धी सूचना**

**२०८२ वैशाखदेखि चैत मसान्तसम्ममा ७० वर्ष पुगेका यस संस्थाका ज्येष्ठ सदस्य एवं बचतकर्ताहरुलाई लक्षित गरी निम्न मिति, समय र स्थानमा नेमकिपाका अध्यक्ष एवं वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छेंज्यूको प्रमुख आतिथ्यमा हुने ज्येष्ठ सदस्य सम्मान कार्यक्रममा उपस्थित हुन सम्बन्धित सम्पूर्ण ज्येष्ठ सदस्यहरुलाई अनुरोध गरिएको छ ।**

**ज्येष्ठ सदस्य सम्मान कार्यक्रम**




**मिति** : २०८२/१२/१४ गते, शनिबार
**समय** : बिहान ११:४५ बजेदेखि
**स्थान** : संस्थाको तालिम हल, खँचा

***पुनश्च : सोही दिन विहान १० बजेदेखि ज्येष्ठ सदस्यहरुलाई सामान्य स्वास्थ्य परीक्षणका साथै औषधि पनि वितरण हुने जानकारी गराइन्छ ।***

**सञ्चालक समिति**

**संस्थाको ऋण सुविधा उपयोग गरौं**

**हायरपर्चेज ऋण**

वार्षिक ८.५% ब्याजदरमा




◆ व्यक्तिगत वा व्यावसायिक उद्देश्यले सवारी साधन खरीद गर्न ।
◆ हाललाई अधिकतम ६०% सम्मको लगानी ।
* सर्तहरू लागू हुनेछ ।

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'
**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७,चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com
ACCESS BRONZE



प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा